खीष्टियान वृद्धि
Christian Growth

# डाँडाको उपदेश
# Sermon on the Mount



खीष्टियान नैतिकताका नियमावली
The Christian Code of Ethics

लेखक: डेमन भिन्सेन्ट

# डाँडाको उपदेश

# (Sermon on the Mount)

© सर्वाधिकार प्रकाशकमा,

पहिलो संस्करणः २०७८, चैत्र

संख्याः (२,००० प्रति)

First Nepali Printing in Nepal : March,  2022.

लेखक/Writer

मुद्रणः

दक्षिण ललितपुर अफसेट प्रेस

प्रकाशक


चापागाँउ ख्रीष्टको मण्डली

नेपाल बाइबल अध्ययन केन्द्र

**Nepal Center for Biblical Study**

खीष्टियान वृद्धि
Christian Growth

# डाँडाको उपदेश
# Sermon on the Mount



**खीष्टियान नैतिकताका नियमावली**
The Christian Code of Ethics

**लेखक: डेमन भिन्सेन्ट**

# बिषय सूची


| पाठ | बिषय | पाना नं. |
| --- | --- | --- |
| भूमिका | | ३ |
| गालीलको नक्सा | | ४ |
| अध्याय- १ | डाँडाको उपदेशको परिचय | ५ |
| अध्याय- २ | ख्रीष्टियान चरित्र | ११ |
| अध्याय- ३ | ख्रीष्टियान प्रभाव | १६ |
| अध्याय- ४ | ख्रीष्टियान धार्मिकता | १८ |
| अध्याय- ५ | ख्रीष्टियान धर्म | २३ |
| अध्याय- ६ | ख्रीष्टियान प्रार्थना | २५ |
| अध्याय- ७ | ख्रीष्टियान प्रेरणा | २८ |
| अध्याय-८ | ख्रीष्टियान सम्बन्धहरु | ३१ |
| अध्याय-९ | ख्रीष्टियान छनौटहरु | ३५ |
| अध्याय- १० | निष्कर्ष: येशूको अधिकार | ३८ |

# भूमिका


यो पाठ बाइबल गोष्ठीको निम्ति तयार गरेको थियो । गोष्ठीमा उपस्थित हुनुभएका सहभागीहरुले येशू ख्रीष्टको प्रसिद्ध प्रवचनका आत्मिक गहिराई पाठहरु बुझ्न र आफ्नो जीवनमा उपयोग गर्नको निम्ति तयार गरेको थियो । यो प्रवचन येशूले गालीलको डाँडामा दिनुभएको थियो ।

“डाँडाको उपदेश” नामक गोष्ठीमा समावेश गरेका सबै पाठहरु सिकाउने व्यक्तिको आफ्नै मौलिकता होइनन् । लेखकले यी सामग्रीहरु बिभिन्न स्रोतहरुबाट धेरै बर्षको अन्तरालमा संकलन गरेको थियो । कतिपय सामग्रीहरु अहिले जीवित भएका र बितिसकेका लेखकहरुका लेखका गहिराइबाट पनि संकलन गरेको छ । ती परमेश्वरका जनहरुप्रति अभार व्यक्त गर्दछु ।

“डाँडाको उपदेश” शिर्षक नामक बाइबल गोष्ठीमा दिएको पाठहरुलाई संकलन गरी यो सानो पुस्तक तयार गरेको छ । जसले यो सानो पुस्तकलाई अध्ययन गरी बुझ्नुहुन्छ, उहाँहरुलाई अतुलनीय प्रभु येशूको महान आशिषित मिलेको होस् भन्ने इच्छा र प्रार्थना गर्दछु ।

लेखक

## नयाँ नियमको समयमा
## गालीलको नक्सा



अध्याय- १

# डाँडाको उपदेशको परिचय

डाँडाको उपदेशलाई "ख्रीष्टियान नैतिकताको नियमावली" र "दैनिक ख्रीष्टियान जीवनको निर्देशन पुस्तक" पनि भनिन्छ । यो मत्ती ५-७ अध्यायहरुमा उल्लेख गरेको छ । यो प्रवचनको छोटो अभिलेख लूका ६:२०-४९ मा पाउँछौं । परमेश्वर र अरुसित ख्रीष्टियानहरुले गर्ने अन्तरक्रियाको निम्ति सिद्धान्तहरुलाई मार्गदर्शन दिने येशूको अभिप्राय यो प्रवचनको सिकाइमा पाउँछौं । अभिलेख गरिएका प्रवचनहरु मध्ये यो सबै भन्दा लामो र अधिकांश गहिरो छ । डाँडाको उपदेशको सन्देश येशूले गालीलको डाँडाबाट दिएको हुनुपर्छ भनी धेरै ख्रीष्टियान विद्धानहरुले विश्वास गर्छन् ।

**प्रचारक:**

बप्तिस्मा दिने यूहन्नाको तयारीको प्रचार मत्तीले आफ्नो पुस्तकको ३ र ४ अध्यायमा अभिलेख गरेको छ । येशूको अग्रदूतको रुपमा यूहन्ना घोषणा गर्दछ,"पश्चात्ताप गर, किनभने स्वर्गको राज्य नजीक आएको छ" (मत्ती ३:२) । येशूले आफ्नो सेवाकाई कफर्नहूमबाट शुरुवाट गर्नुभयो (मत्ती ४:१३) । यूहन्नाले जस्तै येशूले पनि उस्तै सन्देश प्रचार गर्नुभयो (मत्ती ४:१७) । उहाँलाई पछ्याउनको निम्ति येशूले आफ्ना चेलाहरुलाई बोलाउनुभयो (मत्ती ४:१८-२१) । मानिसहरुलाई सिकाउँदै र रोग निको पार्दै जानुभयो (मत्ती ४:२३-२५) ।

ख्रीष्ट योग्य प्रचारक हुनुहुन्थ्यो । किनभने उहाँ प्रतिज्ञा गर्नु भएको मसीह हुनुहुन्थ्यो जो परमेश्वरको वाणी र आश्चर्यकर्महरुद्धारा उहाँले आफ्नो सेवाकाईमा प्रमाणित हुनुभयो । साँचो सुसमाचार प्रचारकमा हुनुपर्ने सबै सद्गुण र योग्यताहरु हाम्रा प्रभु येशूमा थियो । परमेश्वरको पुत्र हुनु भएको हुनाले येशूको प्रचार गर्ने शैली पृथक र पछ्याउन लायकको थियो । उदाहरणको निम्ति:

(१) परीक्षा र मृत्युको घडीमा पनि उहाँको विश्वासयोग्य उदाहरण ।
(२) सत्यतामाथि उहाँको विश्वास र परमेश्वरको वचनको अधिकार ।
(३) गलत शिक्षक र पाखण्डीहरुमाथि उहाँको दोष ।
(४) प्रार्थनाको शक्तिमा उहाँको भरोसा ।
(५) जीवनतर्फ पुऱ्याउने साँघुरो बाटोमा हिड्ने उहाँको प्रतिबद्धता ।

येशूले डाँडाको उपदेशलाई प्रवचन दिँदै गर्नुहुँदा उहाँ पुरानो र नयाँ करारको

बीचमा उभिनुभयो । उहाँको बारेमा अगमवक्ताहरुले भनेका सबै कुराहरु चाँडै नै पूरा हुदैछ, र पछि उहाँका चेलाहरुले उहाँको सन्देशलाई संसारमा लिएर जानेछन् । उहाँको जीवनको उदाहरण र क्रूसमा उहाँको आफ्नै बलिदानपूर्ण प्रस्तावले आफ्नो मालिकलाई पछ्याउँदै हरेक पुस्ताका प्रचारकहरुलाई सुसमाचार घोषणा गर्ने प्रेरणा मिल्दछ ।

## श्रोता:

प्रभु येशूले खुवाउनु भएको रोटीको निम्ति उहाँलाई पछ्याउनेहरु धेरै भएता पनि परमप्रभुका साँचो चेलाहरुले उहाँको ईश्वरीय अधिकार र शिक्षाको महत्वलाई बुझेका थिए । पछ्याउनेहरु नियमित चेला भए । त्यो समय उहाँलाई पछ्याउनेहरुमध्ये १२ जना चेलाहरुलाई उहाँले भर्खरै चुन्नुभएको थियो (मत्ती ४:१८-२१; १०:१-४; मर्कूस ३:१३-१९; लूका ६:१२-१६) । बाह्र जना चेलाहरु बाहेक अरु धेरै मानिसहरु पनि त्यहाँ उपस्थित थिए (मत्ती ५:१) । येशूले आफ्नो प्रवचन वाचन गरीसक्नु भएपछि भीड (उहाँका चेलाहरुका साथसाथै ठूलो दर्शक) उहाँको शिक्षा सुनेर छक्क पर्‍यो (मत्ती ७:२९) ।

हामी यहाँ देख्न सक्छौं कि डाँडाको उपदेशलाई सुन्ने भीडले अन्ततः केवल त्यो समयमा येशूको वचन सुन्ने सानो भागलाई मात्र प्रतिनिधित्व गरेको थियो । येशूका चेलाहरुले उहाँको प्रवचनलाई अरु मानिसहरुका बीचमा गएर दोहोर्‍याएको देख्छौं (मत्ती २८:१८-२०; प्रेरित १:८; ८:४) । संसारको अन्त्यसम्मै सुसमाचार फैलाए । संसारको अन्त नभएसम्म प्रचार हुनेछन् । हाम्रा परमप्रभु र मुक्तिदात्ताको महान आज्ञाको मनोभाव यही हो ।

## राजनैतिक सन्दर्भ:

येशूको जीवनकालमा यहूदीहरु रोमी शासनको अधीनमा थिए । सैनिक र राजनैतिक अगुवाको रुपमा मसीह आउनुहुनेछ जसले तिनीहरुलाई रोमीहरुको जुवाबाट छुटकारा गराउनुहुनेछ भनी धेरै यहूदीहरुले अपेक्षा गरेका थिए । दाऊद र सोलोमनले जस्तै मसीहले पनि समृद्ध यहूदी राज्यको स्थापना गर्नुहुनेछ भनी तिनीहरुले सोचेका थिए । तैपनि, येशूले आफुलाई कुनै पनि हालतमा संसारिक राजाको रुपमा चिनाउनु भएनन् । उहाँले भन्नुभयो,"मेरो राज्य यो संसारको होइन्" (यूहन्ना १८:३६) । कसरी आत्मिक राज्यको आत्मिक नागरिक हुने भन्ने बारेमा येशूले चेलाहरुलाई डाँडाको उपदेशबाट सिकाउनुभयो ।

## धार्मिक सन्दर्भ:

येशूको आफ्नो सेवाकाईको समयमा यहूदीहरुबीच चार वटा महत्वपूर्ण धार्मिक गुटहरु थिएः- (१) फरिसीहरु (२) सदूकीहरु (३) रहस्यवादी यहूदी-

एसेनेस (४) कट्टरपन्थीहरु । यी धार्मिक समुहहरुले मसीहको अपेक्षामा फरक अवधारणा राख्थे भने रोमी साम्राज्यमा पनि तिनीहरुको फरक सम्बन्ध थियो ।

अधिकांश यहूदीहरुको पक्षमा फरिसीहरु हुन्थ्यो किनभने तिनीहरुले ईश्वरीय नियम र धार्मिक परम्पराहरुलाई कडाइकासाथ पालना गर्थे । तिनीहरु मृतकहरुका पुनरुत्थान र अनन्त जीवनमा विश्वास गर्थे । तिनीहरुको पाखण्डीपूर्ण व्यवहारले गर्दा प्रायजसो समय येशूले फरिसीहरुलाई गाली गर्नुभयो । तिनीहरुले आफूलाई उपयुक्त हुने र मोशालाई दिएको व्यवस्था विपरीत धेरै धार्मिक परम्परा र संस्कृतिहरुको परिचय दिन्थ्यो ।

सदूकीहरु धार्मिक स्वतन्त्रवादीहरु थिए जो धर्ममा भन्दा राजनीतिमा बढी चासो दिन्थे । तिनीहरुले वर्तमानका कुराहरुलाई बढी ध्यान केन्द्रित गरी अलौकिक कुराहरुलाई छुट दिन्थे जसमा मृतकहरुका पुनरुत्थान, आत्मिक मनुष्यत्व र मृत्युपछिको जीवन आदि पर्छन् । धेरै जसो सदूकीहरु कुलिन वर्ग र पूजाहारीहरु थिए जसले महासभामा बहुमत सिटहरु हासिल गर्थे र रोमसँग निकटम सम्बन्ध कायम गरेको हुन्थे ।

रहस्यवादी यहूदीहरु जसलाई एसेनेस भनियो । तिनीहरुको जीवन तपस्वी थियो । तिनीहरु समाजका बाँकी मानिसहरुभन्दा फरक प्रकारको जीवन जिउथ्यो । तिनीहरुले संसारसँगको सहकार्य र सुखलाई विरोध गर्थे र तिनीहरु आफैले आफैलाई ईश्वरीय शिक्षाको अभिभावकको रुपमा सोच्थे । तिनीहरुले प्राचीन पाण्डुलिपिहरुलाई जम्मा गरी पुस्तकालय बनाउँथे जसले विद्वानहरुलाई बाइबलको शुद्धतालाई प्रमाणित गर्न सक्षम बनायो ।

कट्टरपन्थीहरुलाई मूलरुपमा राष्ट्रवादका रुपमा चिनिन्थ्यो । तिनीहरु मूलभूतरुपमा राजनैतिक क्रियाकलापहरुमा सक्रिए हुन्थ्यो र मूर्तिपूजक रोमको विरोध गर्‍थ्यो । तिनीहरुको चासो देशप्रति हुन्थ्यो । यहूदीहरुले रोमी अधिकारीहरुसित शान्ति र मेलमिलाप खोजे तापनि यहूदी मानिसहरुको धार्मिक जीवनले तिनीहरुलाई तुच्छ ठान्थे । अन्तमा तिनीहरुले रोमको विरुद्धमा हतियारहरु उठाए (इ.सं. ६६-७०) र धेरै कट्टरपन्थीहरु मारिए । रोमी शक्तिहरुको सामु आत्मसर्मपण गर्नुको सट्टा धेरैले आत्महत्या गरे ।

येशूले डाँडाको उपदेशमा तिनीहरुका धार्मिक दर्शनशास्त्रहरुलाई सम्बोधन गर्नुभयो । येशूले फरिसीहरुका पाखण्डीपूर्ण व्यवहारलाई निन्दा गर्नुभयो । तिनीहरु जो व्यवस्थाको शिक्षक र व्यवस्थालाई हेरचाह गर्ने भनी दावी गरेता

पनि तिनीहरु आफ्नै परम्परा र संस्कृतिका कुराहरुलाई थपेर व्यवस्थालाई विकृत बनाए । त्यसको विपरित येशूले देखाउनुहुन्छ कि जुन मूलरुपमा परमेश्वरले व्यवस्था दिनु भएको थियो, त्यसरी उहाँ व्यवस्थालाई पूरा गर्न आउनुभयो । इन्साफ र यो जीवन पछिको सन्दर्भहरुलाई लिएर येशूले धर्मग्रन्थहरुद्धारा सदूकीहरुको गलतलाई प्रदर्शन गर्नुभयो । यसरी देखाउँदै आफ्ना सृष्टिमाथि परमेश्वरको इच्छा छ र तिनीहरुको भौतिक र आत्मिक आवश्यकताहरुलाई पनि उहाँले वास्ता गर्नुहुन्छ भन्ने कुरा प्रकट हुन्छ । एसेनेसहरुको तपस्या गर्ने कुरा गलत दर्शनशास्त्र हो भन्ने कुरा येशूले प्रमाणित गर्नुहुन्छ ।

स्वर्गको राज्यले कट्टरपन्थीहरुको विरोधमा बोल्छ भन्ने कुरालाई येशूले जोड दिनुभयो । तिनीहरु यहूदीहरुको राज्यलाई संरक्षण गर्ने बिषयमा बढी इच्छुक थियो र यसलाई रोमबाट स्वतन्त्र बनाउँदैछन् ।

## बाइबलीय सन्दर्भः पुरानो करारको विरूद्ध नयाँ करार

डाँडाको उपदेशले पुरानो करारको भौतिक स्वभाव र नयाँ करारको आत्मिकी स्वभाव बीचको धेरै भिन्नताहरुको प्रस्ताव गर्छ । जस्तैः-

(१) श्रापको चेतावनीसित पुरानो करारको अन्त्य भयो (मलाकी ४:६); आशिषको प्रतिज्ञासित नयाँ करारको शुरुवाट भयो (मत्ती ५:३-१२) ।

(२) पुरानो करारको बिशेषता सिनै पर्वतमा थियो; नयाँ करारको बिशेषता सियोन पर्वतमा थियो (हिब्रू १२:१८-२४) ।

(३) पुरानो करार आदमको पुस्तकको थियो, जसको कथा अत्यन्तै दुःखपूर्ण थियो; नयाँ नियम येशूको पुस्तक थियो, जसको कथामा अत्यन्तै विजयी छ ।

(४) मानिसको आफ्नो दयनीय अवस्था देखाउनलाई पुरानो करारमा व्यवस्था दिइयो; मानिसलाई उनको जीवनमा आशिष देखाउनको निम्ति नयाँ करार दिएको छ ।

(५) पुरानो करारको व्यवस्थाले मानिसको पाप प्रकट गराउँछ; नयाँ नियमको सन्देशले उद्धारकर्त्ताको प्रस्ताव गर्छ ।

## बाइबलीय सन्दर्भः येशूले फरक बनाउनु हुन्छ ।

हाम्रो पाप पहिचान गराउने एउटा माध्यमको रुपमा येशूले व्यवस्थालाई प्रस्तुत गर्नुहुन्छ । अनि मात्र मुक्तिको प्रस्ताव आउँछ । "व्यवस्थालाई हाम्रो संरक्षक भई हामीलाई ख्रीष्टसम्म डोऱ्याउने जिम्मा दिइयो" भनी पावल भन्दछ (गलाती ३:२४) । श्रापको कारणहरुलाई डाँडाको उपदेशले स्पष्ट गर्दछः मानिसको आफ्नै धार्मिकताले उसलाई बचाउन सक्दैनन् । केवल परमेश्वरले मात्र पापबाट छुटकारा र मुक्ति उपलब्ध गराउन सक्नुहुन्छ ।

## बाइबलीय सन्दर्भ: मानविय दर्शनशास्त्रको मूर्खता र झुटा ईश्वरशास्त्र।

यहूदीहरुले बाहिरीरुपमा देखाएको धर्मकर्मको निम्ति डाँडाको उपदेशमा तिनीहरुलाई गाली गरिएको छ । तिनीहरुले औपचारिकरुपमा गरेका प्रार्थना यन्त्र जस्तै मात्र थिए जसमा कुनै भावना नै थिएन् । त्यस्तै गरी तिनीहरुका शुद्धिकरणका विधि विधानहरुले ईश्वरभक्तका आत्मिक तत्वहरुलाई बेवास्ता गर्दथे । अत्याधिक रुपमा तिनीहरुले दैनिक भोजनको चिन्ता गरेको देख्दा परमेश्वरले तिनीहरुका आवश्यकतालाई उपलब्ध गराउनु हुन्छ भन्ने कुरालाई बेवास्ता गरेको थियो । तिनीहरुका पाखण्डीपूर्ण उपवासले परमेश्वरसितको आत्मिक सम्बन्धलाई नजिक ल्याउनुको सट्टा तिनीहरुको बाह्य शुद्धतालाई पहिचान गराउने चाहनालाई जोड दिएको देखिन्छ । यसको साथै उद्धारताको निम्ति प्रशंसा पाउने मनाशायले दशांश दिएको कुरालाई पनि येशूले दोष दिनुभयो । बाहिरीरुपमा देखाएको धर्मकर्मलाई दोष दिदै परमेश्वरसँगको आत्मिक सम्बन्धमा गहिरो हुनुपर्ने कुरालाई येशूले जोड दिनुभयो ।

## सन्देश: स्वर्गको राज्य र धार्मिक चरित्र।

डाँडाको उपदेशमा येशूले "स्वर्गको राज्य" लाई जोड दिनुभयो (मत्ती ५:३; ५:१०; ५:१९; ५:२०; ६:१०; ६:३३; ७:२१) । स्वर्गको राज्यको नागरिक भएकाहरुलाई आशिषको प्रस्ताव गर्दै उहाँले यो प्रवचन शुरुवाट गर्नुभयो । आफ्नै धार्मिकता वा प्रयासमा आशिष निर्भर हुँदैनन् भन्ने कुरालाई येशूले स्पष्ट पार्नुभयो । पुरानो र नयाँ करारबीचको ठूलो भिन्नता यही हो । राज्यको नयाँ स्वभाव र चरित्र आत्मिक कुराहरुमा आधारित हुन्छ जुन नयाँ सम्बन्धको परिणाम हो । "यसरी जिइयौ भने तिमीहरु परमेश्वरको सन्तान हुनेछौ" भनी येशूले भन्नु भएनन् । त्यसको सट्टा उहाँ भन्नुहुन्छ, "तिमीहरु परमेश्वरका सन्तान भएकाले यसरी जिओ ।" "परमेश्वरको राज्यका नागरिकहरुको कस्तो चरित्र हुनुपर्छ?" भन्ने प्रश्नको समस्तगत जवाफ डाँडाको उपदेशले दिन्छ ।

मत्ती ५:१-२० मा येशूले ख्रीष्टियान चरित्रको स्वभावलाई परिभाषित गर्नुहुन्छ । धन्यको वचनले त्यो चरित्रको गुण र लाभहरु देखाउँछ । नून र ज्योतिको दृष्टान्तमा ख्रीष्टियान चरित्रको बारेमा वर्णन गर्दछ । ख्रीष्ट र व्यवस्थासँगको चेलाहरुको सम्बन्धलाई येशूले जोड दिदैं भन्नु हुन्छ कि राज्यमा भएका नागरिकहरुको धार्मिकता फरिसी र शास्त्रीहरुको भन्दा अत्याधिक बढी हुनुपर्छ ।

मत्ती ५:२१-७:६ मा येशूले ख्रीष्टियान चरित्रहरुको उदाहरणलाई क्षमा (मत्ती ५:२१-३०), व्यभिचार (मत्ती ५:२७-३०), विवाहविच्छेद (मत्ती ५:३१-३२),

शपथ (मत्ती ५:३३-३७), प्रतिशोध (मत्ती ५:३८-४२), प्रेम (मत्ती ५:४३-४८), गुप्त-दान (मत्ती ६:१-४), प्रार्थना (मत्ती ६:५-१५), उपवास (मत्ती ६:६-१८), धनसम्पति (मत्ती ६:१९-२४), चिन्ता (मत्ती ६:२५-३४), र न्याय (मत्ती ७:१-६) प्रतिको स्वभावमा वर्णन गर्नुहुन्छ ।

मत्ती ७:७-२७ मा सही रोजाइद्वारा यी चरित्रहरुलाई पछ्याउनुपर्छ भनी येशूले आफ्ना चेलाहरुलाई हौसला दिनुहुन्छ । रोजाइमा सही प्रार्थनामय जीवन (मत्ती ७:७-११); सुनौलो नियम अनुसार जीउने (मत्ती ७:१२), दुइवटा मार्गहरुमा सही बाटो रोज्ने (मत्ती ७:१३-१४), झुटा शिक्षकहरुप्रति सही व्यवहार कायम गर्ने (मत्ती ७:१५-२०); विश्वासको गलत पेशालाई इन्कार गर्ने (मत्ती ७:२१-२३); र तिनीहरुको आत्मिक जीवनको निम्ति सही जगलाई रोज्ने (मत्ती ७:२४-२९) कुराहरु सम्लग्न हुन्छन् ।

## डाँडाको उपदेशको ढाँचा:

वास्तवमै कुन स्थानबाट येशूले डाँडाको उपदेश दिनुभयो भन्ने बारे कसैलाई पनि थाहा छैनन् । गालीलको समुन्द्र नजिकैबाट हुनुपर्छ भन्ने धेरैको मान्यता छ । परमेश्वरका जनहरुका अनगिन्ती ऐतिहासिक घटनाहरु त्यो पहाड वा त्यसको वरपर घटेको देखिन्छ । नोआको जहाज आरारातको पहाडमा अडियो (उत्पति ८:४) । अब्राहामले इसहाकलाई मोरीयाहको डाँडामा बलिदान गर्न लगे (उत्पति २२:२) । व्यवस्था सिनै पर्वतमा दिएको थियो (प्रस्थान १९:२०) । एलियाले बाल देवताका अगमवक्ताहरुको विरुद्धमा कर्मेल डाँडामा विजय हासिल गरे (१ राजा १८) । उच्च पहाडमा शैतानको परीक्षाबाट येशू विजयी हुनुभएको थियो (मत्ती ४:८-१०) । पहाडमा येशूको रुप परिवर्तन भयो र त्यही घटनामा परमेश्वरले मोशाको व्यवस्थाभन्दा येशूको सिकाइको सर्वश्रेष्ठतालाई घोषणा गर्नुभयो (मत्ती १७) । हाम्रा प्रभु येशूलाई कलभरी डाँडाको क्रूसमा टाँगियो (मत्ती २७; मर्कूस १५; लूका २३; यूहन्ना १९) । येशूले गालीलको डाँडाबाट महान आज्ञा दिनुभयो र जैतुनको डाँडाबाट स्वर्गारोहण हुनुभयो (मत्ती २८; मर्कूस १६) ।

ठूलो भीडको सामु बोल्ने वक्तालाई डाँडाको ढाँचाले प्राकृतिक लाभ दिन्छ । जुन डाँडामा बसेर येशूले यो उपदेश दिनुभएको थियो उहाँका सुन्ने स्रोताहरुलाई राम्रो वातावरण मिलेको थियो । उहाँको वचन सुन्ने स्रोताहरुलाई यो स्थानले सहायता गऱ्यो । त्यसको साथै तिनीहरु परमेश्वरको उपस्थितिमा थिए भन्ने महत्वपूर्ण भावलाई पनि महसुस गर्न सक्थ्यो ।

अध्याय- २

# ख्रीष्टियान चरित्र

**धन्यका वचनहरू:**

अंग्रेजी शब्द Beatitude ल्याटिन शब्द Beatus बाट आएको हो, जसको अर्थ "आशिषित" वा "खुशी" भन्ने लाग्छ । आठ वटा धन्यका वचनहरुमा येशूले परमेश्वरको राज्यका नागरिकहरुको स्वभाव, आत्मिकी अवस्था, चरित्रहरुलाई परिभाषित गर्नुहुन्छ । त्यसपछि त्यस्तो व्यक्तिहरुले अपेक्षा गर्न सक्ने इनामहरुलाई येशूले उच्चारण गर्नुहुन्छ ।

हामी यहाँ देख्न सक्छौं कि येशूले फरक आठ प्रकारका मानिसहरुको बारेमा व्याख्या गर्नुहुन्छ । हरेक परमेश्वरका सन्तानहरुमा यी सबै चरित्र र गुणहरुले भरेको हुनुपर्छ । परमेश्वरलाई पछ्याउनेहरुमा जहिलेपनि खुशी वा समवृद्धि हुनुपर्छ भन्ने आशिष शब्दले अर्थ दिदैनन् भन्ने कुरालाई हामीले बुझ्नुपर्छ । पवित्रताले संसारिक धनसम्पति र खुशीको प्रत्याभूति दिदैनन् । त्यसको सट्टा धन्यको वचनले राज्यमा हाम्रो जीवनको उपस्थितिलाई प्रतिबिम्वित गर्दछ र परमेश्वरसितको हाम्रो राम्रो सम्बन्धको संकेट गर्छ ।

हरेक धन्यको वचनमा तीन वटा भागहरु छन् । पहिला, येशूले धन्य शब्दको उच्चारण गर्नुहुन्छ; राज्यको नागरिकहरुले परमेश्वरको आशिष पाउनेछन् भन्ने मंञ्जुरीको आश्वासन दिनुहुन्छ । त्यसपछि येशूले परमेश्वरको आशिष पाउनेहरुको चरित्र र स्वभावलाई वर्णन गर्नुहुन्छ: तिनीहरु "आत्मामा दीन," "नम्रहरु," "दयावन्तहरु," इत्यादि । अन्तमा येशूले त्यस्तो व्यक्तिहरुले अपेक्षा गर्न सक्ने इनामहरुको उच्चारण गर्नुहुन्छ ("तिनीहरुले सान्त्वना पाउनेछन्," "तिनीहरुले दया पाउनेछन्," आदि) ।

धन्यको वचनलाई मिलाएर राखेको हेर्दा यो मोशालाई दिएको दश आज्ञा जस्तै छन् ।

**दश आज्ञा:**

- १-५ - मानिसले परमेश्वरसँग गर्नुपर्ने दायित्व उल्लेख गरेको छ ।
- ६-१० - मानिसले मानिससँग गर्नुपर्ने दायित्व उल्लेख गरेको छ ।
- येशूले दश आज्ञालाई दुइवटा आज्ञामा छोटो पार्नुभयो (मत्ती २२:४०) ।

**धन्यका वचनहरु:**

- १-४ - मानिसले परमेश्वरसित व्यवहार गर्नुपर्ने स्वभावहरु छन् ।
- ५-८ - मानिसले अरु मानिसहरुसित व्यवहार गर्नुपर्ने स्वभावहरु छन् ।

## (१) धन्य आत्मामा दीन हुनेहरू...(मत्ती ५:३)।

आत्मा दीन हुनु भन्नाले नम्र हुनु भन्ने बुझिन्छ । यो आत्मिकी मानसिकता हो जुन घमण्ड गर्ने र पर्याप्त भएका मानिसहरुका स्वभावसित पूर्णरुपमा विपरित छ । पूर्णरुपमा परमेश्वरमा निर्भर हुने कुरालाई स्वीकार गर्नु नै आत्मामा दीन छु भनी महसुस गर्नु हो । जसरी भिख माग्ने मानिसले आफ्नो दैनिक जीवन निर्वाहको निम्ति उपकार गर्ने मानिसहरुमा भर पर्छ, त्यसरी नै सबै आत्मिकी आशिषहरु परमेश्वरबाट आउँछ । पाप गरेर परमेश्वरबाट अलग भई अनन्त जीवन पाउन सक्दैनन् भन्ने कुरा आत्मामा दीन हुने मानिसहरुले महसुस गर्छन् । भौतिक जीवन र मृत्यु पछि आउने अर्को जीवनको निम्ति जसले परमेश्वरको अगि आफैलाई नम्र बनाई आत्मिकी दरिद्रतालाई स्वीकार गर्दछन्, तिनीहरु स्वर्गको राज्यको नागरिक भएकोमा आनन्दित हुनेछन् ।

आत्मामा दीन भएकाहरुलाई स्वर्गको राज्यको प्रतिज्ञा गरेको छ । येशूले स्थापना गर्नु भएको मण्डली र स्वर्गको राज्य एउटै हो भनी उहाँले सिकाउनु भयो (मत्ती १६:१८-१९) । उद्धार भएकाहरु मण्डलीको सदस्यको रुपमा जो पृथ्वीमा राज्यको नागरिक भएका छौ र यो जीवन पछि आउने स्वर्गको राज्यमा पनि तिनीहरु उत्तराधिकारी हुनेछन् (प्रकाश २१:१-४) ।

**<u>पुरानो करारबाट "आत्मामा दीन हुनेहरूका" केही उदाहरणहरू:</u>**

(१) भजनसंग्रह ३४:१८-"चुर्ण हृदय भएकाहरु सबैका नजीक परमप्रभु हुनुहुन्छ, र निराश भएकाहरुलाई उहाँले बचाउनुहुन्छ ।"

(२) भजनसंग्रह ५१:१७-"तोडिएको आत्मा नै परमेश्वरको निम्ति बलिदान हो । हे परमेश्वर, तोडिएको र पश्चात्तापी हृदयलाई तपाई तिरस्कार गर्नुहुन्न ।"

(३) यशैया ५७:१५-"म उच्च र पवित्र ठाउँमा बस्दछु, विनम्रको आत्मा जागृत गराउन, र पश्चात्तापीको हृदय जागृत गराउन र त्यससँग पनि बस्दछु, जो आत्मा पश्चात्तापी र विनम्र छ ।"

(४) यशैया ६६:२- "जो आत्मा दीन र चूर्ण छ, मेरो वचनमा काम्दछ, त्यसलाई म आदर गर्दछु ।"

परमेश्वरको राज्यमा र संसारिक राज्यमा भएका नागरिकहरुको विपरित चरित्रलाई फरिसी र कर उठाउनेको दृष्टान्तबाट (लूका १८:९-१४) तुलना गर्दछ ।

| **फरिसी** | **कर उठाउने** |
| --- | --- |
| (१) आफैमा भरोसा गऱ्यो । | (१) परमेश्वरमा भरोसा गऱ्यो । |
| (२) घमण्डी | (२) नम्र |
| (३) स्व-धार्मिक | (३) दोषलाई महसुस गरे । |
| (४) अरुलाई घृणा गरे । | |

## (२) धन्य शोक गर्नेहरू...(मत्ती ५:४)।

"कस्तो प्रकारको दुःखले आनन्द उत्पन्न गराउँछ?" भनी यो धन्यको वचनबाट प्रश्न उठ्छ । खुशी नभएकाहरु खुशी छ भन्नु विरोधाभासपूर्ण हो । तैपनि ठ्याक्कै यही कुरालाई विश्वास गर्न येशूले हामीलाई बोलाउनुहुन्छ । आत्मिक रुपमा दरिद्र भएर शोक गर्दछ भने तिनीहरुले केही मात्रामा भए पनि आनन्दको अनुभव गर्नेछन् भनी उहाँ भन्दै हुनुहुन्छ । मुक्तिको योजनामा पश्चात्तापको आवश्यकतालाई महत्व दिएको छ । परमेश्वरको आशिषविना आशा नभइकन हराइरहेका छन् भनी आत्मिक रुपमा दरिद्र भएकाहरुले स्वीकार गर्नुपर्छ । तिनीहरुले कहिल्यै पनि पाप क्षमा र ख्रीष्टियान सेवामा पूर्ण आनन्द गर्न सक्दैनन् । यो ज्योतिलाई हेरेर शोक गर्नेहरु धन्यको हौ भन्नेको अर्थ लाग्छ ।

शोक गर्नेहरुलाई सान्त्वनाको आशिषको प्रतिज्ञा गरेको छ । शोक गर्नेहरुलाई चाहिने महत्वपूर्ण आवश्यक कुरा यही हो । पाप क्षमा भएका ख्रीष्टियानहरुसंगको संगति नै आत्मिक सान्त्वनाको अतुलनीय स्रोत हो ।

## (३) धन्य नम्रहरू हुनेहरू...(मत्ती ५:५)।

कुनै बाइबलको अनुवादले नम्रको स्थानमा भद्र, दीनहिन शब्द पनि प्रयोग गरेको छ । कुनै पनि मामलामा नम्र भनेको कमजोरी हो भनेर बुझ्नु हुँदैन् । तिनीहरुको असफलता र गल्तीहरुमा पनि परमेश्वरले तिनीहरुलाई प्रेम गर्नुहुन्छ भन्ने कुरालाई परमेश्वरको राज्यका नागरिकहरुले इमान्दारिताकासाथ व्यक्तिगतरुपले मूल्यांकन गरेर महसुस गर्नु पर्छ । यो नम्र हुने अनुभव हो जसले हाम्रो सम्बन्धलाई परमेश्वरमा राख्न र हाम्रा संगी मानिसहरुलाई साँचो ज्योतिमा राख्न सहायता गर्छ । कुनै मानिसको नाम कति नै उचाइमा नगएको होस् वा कति नै धनसम्पति भएको होस्, केवल अनन्तसम्मको आशिष परमेश्वरले मात्र दिन सक्नुहुन्छ ।

नम्रहरुले अधिकार पाउनेछन् भनी प्रतिज्ञा गरेको छ । यहाँ अधिकारलाई "पृथ्वी" वा "भूमि" को रुपमा व्याख्या गरेको छ । यसको चित्रणबारे यहूदीहरुलाई राम्रोसँग थाहा थियो । परमेश्वरले अब्राहामलाई प्रतिज्ञा गर्नुभएको कनानको भूमिमा तिनीहरु उत्तराधिकारी भए । येशूको मनमा अर्को उत्तराधिकार छ, "नयाँ स्वर्ग र नयाँ पृथ्वी" वा ख्रीष्टियानहरुको स्वर्गीय घर हो ।

## (४) धन्य धार्मिकताको निम्ति भोकाउने र तिर्खाउनेहरू...(मत्ती ५:६)।

भोक र तिर्खा ठूलो इच्छा हुन् । धार्मिकताको निम्ति भोकाउने र तिर्खाउनेहरुको इच्छा संसारले पूरा गर्न सक्दैनन् । ख्रीष्टको सुसमाचारमा आज्ञाकारी हुनेहरुले आत्मिकी फलहरु उत्पन्न गराउँछ जसले आत्मिक

भोक र तिर्खालाई मेटाइदिन्छ ।

येशूले तिनीहरुलाई भनिराख्नु भएको छ, जो पापको गहिरो भावमा छन्, जसले आफ्नो जीवनमा धार्मिकताको खोजी गरिराख्नुभएको छ, र हराएका सबै मानिसहरुका निम्ति मुक्तिको इच्छा गर्दछ । उहाँको इच्छालाई साँचो रुपले पालन गर्न खोज्नेहरु सबैको हरेक आत्मिक आवश्यकतालाई पूरा गर्न परमेश्वर कहिल्यै पनि असफल हुनुहुनेछैनन् भनी येशूले प्रतिज्ञा गर्नुभयो (यूहन्ना ४:१४; ६:३५) ।

### (५) धन्य दयावन्तहरू...(मत्ती ५:७)।

परमेश्वरबाट हामीले पाउने हरेक आशिषहरु उहाँको दयाको प्रमाण हो । अरुलाई दया देखाउनु परमेश्वरको दयाको अनुकरण गर्नु हो । हाम्रो दया बुद्धिसित सम्बन्धित हुन्छ, जुन माथिबाट आउँछ भनी याकूबले हामीलाई भन्दछ (याकूब ३:१७) । येशूको रगतद्धारा छुटकारा भएका राज्यका नागरिकहरुले अरुलाई दया देखाउने इच्छा राख्नुपर्छ । "तिमीहरुले सित्तैमा पायौ, सित्तैमा देओ" (मत्ती १०:८) । व्यंगात्मकरुपले भन्नुपर्दा निर्दयी मानिसहरुले पनि दयाको गुणलाई चिन्दछ (लूका १०:३७) । क्षमा बारेमा (मत्ती ६:१३), प्रतिशोधबारे (मत्ती ५:३८-४२), र हाम्रा शत्रुहरुका निम्ति प्रेम गर (मत्ती ५:४४) भन्ने बारेमा बोल्नुहुँदा डाँडाको उपदेशको विभिन्न स्थानमा येशूले दयाको स्वभावलाई अगि बढाउनु हुन्छ ।

येशूले दयावन्तहरुलाई दयाको प्रतिज्ञा गर्नुभयो (मत्ती ५:७; मत्ती २५:३४-४०) । येशूले निर्दयीहरुबाट आफ्नो दया फिर्ता लिनुहुन्छ (मत्ती ६:१४; मत्ती २५:४१-४६) । राज्यका नागरिकहरुले दया पाउनको निम्ति दया देखाउन इच्छा गर्ने होइनन्; तिनीहरु दयावन्त हुनेछन् किनभने तिनीहरुले अगि नै परमेश्वरबाट दया पाएका छन् ।

### (६) धन्य शुद्ध हृदय हुनेहरू...(मत्ती ५:८)।

अरुलाई प्रेम गर्ने र असल क्रियाकलापहरुको शुरुवाट भित्री मन, उद्देश्य र सिद्धान्तहरुको शुद्धतासित आउँछ । मानिसले बाहिरी रुपलाई हेर्छ, तर परमेश्वरले हृदयलाई हेर्नुहुन्छ (१ शमूएल १६:७) । येशूले डाँडाको उपदेशमा धार्मिक मानिसहरुको पाखण्डलाई घृणा गर्नुहुन्छ जसले परमेश्वरलाई अशुद्ध मनशायबाट सेवा गर्दछ । बाहिरीरुपले मात्र धर्मी हुनु पर्याप्त होइन् (मत्ती ५:२०; ६:२; ६:५; ६:१६) । त्यसको सट्टा परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर भनी उहाँलाई पछ्याउनेहरुलाई येशूले हौसला दिनुहुन्छ (मत्ती ६:३३) ।

**(७) धन्य मेलमिलाप गराउनेहरू...(मत्ती ५:९)।**

राज्यका नागरिकहरुले आफ्नो प्रभाव विशेषगरी विरोध गर्ने दाजुभाइहरुलाई मेलमिलाप गराउन प्रयोग गर्नुपर्छ । हरेक मानिसहरुको सम्बन्ध चाहे मण्डली बाहिर होस् या मण्डली भित्र होस् ख्रीष्टियानहरुले असहमतिलाई निरुत्साहित गनुपर्छ र शान्तिलाई अघि बढाउनुपर्छ ।

मेलमिलाप गराउनेहरुलाई परमेश्वरका सन्तान भनिनेछन् भनी येशूले प्रतिज्ञा गर्नुभयो । यी वचनहरु शान्तिका राजकुमारले भन्नु भएको हो (यशैया ९:६) । जसरी बालबच्चाहरु तिनीहरुका संसारिक आमाबुबाहरुसित मिलेको हुन्छन्, त्यसरी नै परमेश्वरका सन्तानहरु आफ्ना स्वर्गीय पितासँग समान हुनुपर्छ जो शान्तिका लेखक हुनुहुन्छ (१ कोरिन्थी १४:३३) ।

**(८) धन्य धार्मिकताको निम्ति सताइनेहरू...(मत्ती ५:१०)।**

सबै सताइएकाहरुका निम्ति येशूले आशिषका शब्दहरु उच्चारण गर्नु भएनन् भन्ने कुरालाई नोट गर्नुहोस् । केवल सत्यताको निम्ति खडा भएर कष्ट भोग्नेहरुले मात्र धार्मिकताबाट अनुमोदन भएर ख्रीष्टको आशिष पाउँछ । अपराधीहरुले न्यायपूर्वक सजाय पाउनेछन् किनभने तिनीहरु नियम उलंघन गर्नेहरु हुन । परमेश्वरको राज्यका नागरिकहरु ख्रीष्टियान भएर कष्ट भोग्दछन् भने सही तरीकाद्धारा तिनीहरुले परमेश्वरको महिमा गर्दछन् (१ पत्रुस ४:१६) ।

आत्मामा दीन हुनेहरुका निम्ति स्वर्गको राज्य हुनेछन्, र स्वर्गको राज्य पछ्याउनेहरुलाई धार्मिकताको निम्ति सताउनेछन् भनी येशूले प्रतिज्ञा गर्नुभयो । येशू स्वयम् आफै अधर्मीहरुका हातमा अन्यायपूर्वक कष्ट भोगी मर्नुभयो । उहाँ सतावटको पीडा र दु:ख जान्नुहुन्छ, दुष्टका शक्तिहरुमाथि विजय हुँदाको आनन्द पनि उहाँ जान्नुहुन्छ ।

परमेश्वरको राज्यमा बृद्धि भएका नागरिकको चित्रणलाई धन्यको वचनले प्रस्तुत गर्दछ । आत्मामा दीन भएर ख्रीष्टलाई पछ्याउनेहरुले शोक गर्नेछन् किनभने तिनीहरुले ख्रीष्टको नम्रतालाई पछ्याउँदैनन् । तिनीहरुको विश्वासको कारणले तिनीहरुले कष्ट भोगेता पनि अझै धार्मिकताको निम्ति तिनीहरु भोकाउने र तिर्खाउनेछन् । यस्तो स्वभाव भएका राज्यका नागरिकहरुले दयालाई अभ्यास गर्नेछन्, तिनीहरुका हृदयलाई चोखो राख्नेछन्, र राज्यभित्र र संसारभरी शान्ति कायम गर्दछन् । ख्रीष्टको जस्तै चरित्रलाई विकास गर्दै जाने हो भने परमप्रभुले प्रतिज्ञा गर्नुभएका आशिषहरु तिनीहरुले पाउनेछन् ।

अध्याय- ३

# ख्रीष्टियान प्रभाव

**ख्रीष्टियान प्रभावः नून र ज्योति (मत्ती ५:१३-१६)।**

राज्यका नागरिकहरुका निम्ति चाहिने ख्रीष्टियान चरित्रहरुका बारेमा वर्णन गर्नु भएपछि अब येशूले ख्रीष्टियान चरित्रको प्रमाण र प्रभावहरुका बारेमा छलफल गर्नुहुन्छ । राम्रोसँग ख्रीष्टियान चरित्रको विकास भएको छ भने त्यसको परिणाम आत्मिकी फलहरु हुन्छन् (मत्ती ७:१६-२०; गलाती ५:२२-२३) । राज्यको नागरिकहरुका प्रभावलाई चित्रण गर्नको निम्ति येशूले दुइवटा उदाहरणहरु प्रयोग गर्नुभयो जुन उहाँका स्रोताहरुलाई राम्रोसँग थाहा थियो । नुन र ज्योतिको स्वभाव र प्रभावबारे हो ।

प्राचीन संसारमा नुन बहुमूल्य र सबैले चाहना गर्ने बस्तुको रुपमा प्रयोग गरिन्थ्यो । कहिलेकाहिँ नुनलाई पैसाको रुपमा पनि लिइन्थ्यो । जुन स्थानमा नुनको उत्पादन र व्यापार हुन्थ्यो ती स्थानहरुमा शहरहरु स्थापना गरिन्थ्यो । नुनको पृथक गुण र त्यसमा खनिज पदार्थको लाभदायक तत्व भएको कारणले गर्दा येशूले ख्रीष्टियान प्रभावलाई प्रमाणको रुपमा तुलना गर्न नुनलाई चुन्नुभयो । उहाँले नुनको गुणसित ख्रीष्टियानहरुका प्रभावलाई प्रर्दशन गर्नुभयोः-

**(१) नुनले संरक्षकको रुपमा काम गर्छ** । आधुनिक समयमा मासु लगायत अरु कुहेर जाने खानेकुरालाई नकुहिन र लामो समयसम्म सुरक्षित राख्न नुनलाई प्रयोग गर्दछ । प्राचीन संसारमा नुनलाई संरक्षणको रुपमा लिएको कुरा अपरिहार्य थियो । यसरी नै ख्रीष्टियानहरुले अरु मानिसहरुको बीचमा संरक्षण गर्ने कामको अभ्यास गर्दछ । सुसमाचारको प्रभाव नपरीकन विनाश भएका र पापबाट दुषित भएको संसारलाई तिनीहरुले ख्रीष्टियान सिद्धान्तहरुद्धारा प्रसारण गरी सुरक्षा दिने काम गर्दछन् । **(२) खानेकुरालाई नुनले स्वादिलो पार्ने काम गर्छ ।** बृहतरुपमा नुनलाई मसलाको रुपमा पनि प्रयोग गरिन्छ । ख्रीष्टियानहरुसँग त्यस्तै प्रभाव पार्ने कुराहरु छन् जुन तिनीहरुको प्रेम, दया, करुणा, सहयोग अरु मानिसहरुका बीचमा प्रर्दशन गर्दछन् । यसरी ख्रीष्टियानहरुले संसारका मानिसहरुलाई परमेश्वरको वचन र आफ्नो सही व्यवहारद्धारा स्वादिलो पार्ने काम गर्दछ । **(३) नुनले प्यास जगाउँछ ।** ख्रीष्टियानहरुले मानिसहरुलाई परमेश्वरको वचनको इच्छा जगाउने कुरामा उत्प्रेरित गर्न खोज्छन्, जुन येशूद्धारामात्र पूरा हुन्छ (यूहन्ना ४:१०-१५;

७:३७) । **(४) नुनले शुद्ध गर्ने र निको पार्ने काम गर्छ ।** परमेश्वरको वचनद्धारा शुद्ध भएका राज्यको नागरिकहरुले (याकूब ४:८; १ पत्रुस १:२२), आफ्ना मुक्तिका कुरा अरु मानिसहरुलाई बाँड्ने गर्छन् । यही कारणले गर्दा येशूले आफ्ना चेलाहरुलाई तिनीहरुको नुनिलोपन नगुमाउन चेतावनी दिनुहुन्छ । यदि तिनीहरुको नुनिलोपन गुम्दै गयो भने तिनीहरुको ख्रीष्टियान प्रभाव घट्दै जान्छन् । परमेश्वरको राज्यका नागरिकहरुले कहिल्यै पनि बिर्सनुहुँदैनन् कि तिनीहरु संसारमा भएता पनि तिनीहरु संसारको होइनन् (यूहन्ना १७:१६) ।

प्रकृतिमा ज्योति अनौठोखालको छ । त्यसका धेरै विशेषताहरु छन् जसलाई राज्यका नागरिकहरुको पृथक स्वभावसित तुलता गरेको छ । जस्तैः **(१) ज्योति शक्ति हो ।** प्रायजसो सबै शक्तिहरु ज्योतिबाट नै उत्पन्न हुन्छ र पृथ्वीमा उपयोग हुन्छ । यसको मूल स्रोत सूर्य हो । जस्तैः हावा, मौसम, जैविक प्रक्रिया इत्यादि । सूर्यले आफ्नो शक्ति परमेश्वर, यसको सृष्टिकर्त्ताबाट प्राप्त गर्दछ । यस्तै कुरा ख्रीष्टियानहरुलाई पनि भनिएको छ । **(२) ज्योतिको स्रोत छ ।** परमेश्वरको वाणीद्धारा ज्योति अस्तित्वमा आयो (उत्पति १:३) । त्यही समयदेखि सबै सृष्टिलाई न्यानो र चम्किलो पार्ने स्रोत भएको छ । मुक्ति परमेश्वरबाट येशू ख्रीष्ट भएर आउँछ । उद्धार पाएकाहरु अन्धकारबाट ज्योतिमा परिवर्तन भएका छन् (कलस्सी १:१२-१३) । **(३) ज्योतिलाई परिवर्तन गर्न, ठूलो पार्न, घटाउन, निभाउन सकिन्छ ।** यसको अर्थ हाम्रो ख्रीष्टियान ज्योति ठूलो वा सानो हुन सक्छ । यो हाम्रो आत्मिक वृद्धिमा निर्भर हुन्छ । हामी परमेश्वरको साधनको रुपमा अरुलाई ज्योति दिनको निम्ति उपयोगी हुन सक्छौं वा हामी आफैले आफ्नो आत्मिक ज्योति लुकाउन वा निभाउन सक्छौं भन्ने अर्थ दिन्छ ।

उहाँलाई पछ्याउनेहरु संसारका ज्योति हुन् भनी येशू भन्नुहुन्छ । यसको अर्थ (१) हामीमा ज्योति हुनैपर्छ र (२) हामीले हाम्रो ज्योति चम्काउनुपर्छ । हामीले यो कुरालाई हाम्रो मनमा राख्नुपर्छ कि हाम्रो ज्योति हामी आफैबाट उत्पन्न भएको होइन् । जसरी चन्द्रमाले सूर्यबाट ज्योति पाएर पृथ्वीमा प्रतिबिम्बित गर्छ, त्यसरी नै ख्रीष्टियाहरुले परमेश्वरबाट पाएको ज्योति अरु मानिसहरुलाई प्रतिबिम्बित गर्दछन् । हाम्रो व्यक्तिगत ज्योति सानो वा मधुरो हुन सक्छन् । धेरै मसिनो मैन बत्तीहरुले ठूलो कोठामा उज्यालो दिन्छ । त्यसरी नै धेरै ख्रीष्टियानहरु एकैसाथ मिलेर काम गर्दा परमेश्वरको ज्योति सारा संसारमा लिएर जान सक्छौं । येशूको यी वचनहरुले दुइवटा महत्वपूर्ण तथ्यहरुलाई दर्शाउछ । (१) संसार खराब छ त्यसैले नूनको आवश्यकता पर्छ । (२) संसार अन्धकार छ त्यसैले ज्योतिको आवश्यकता पर्छ ।

अध्याय- ४

# ख्रीष्टियान धार्मिकता

**(क) ख्रीष्ट, ख्रीष्टियान र व्यवस्था (मत्ती ५:१७-२०)।**

येशूले ख्रीष्टियान चरित्र र भलाइका कामहरुलाई धार्मिकताको शब्दमा परिभाषित गर्नुहुन्छ । ख्रीष्टियानहरु धार्मिकताको निम्ति भोकाउनुपर्छ (मत्ती ५:६) भनी येशू भन्नुहुन्छ तर तिनीहरुको धार्मिकता शास्त्री र फरिसीहरुको भन्दा बढी हुनुपर्छ (मत्ती ५:२०) । धार्मिकताको निम्ति खडा हुँदा ख्रीष्टियानहरुले कष्ट भोग्नेछौ (मत्ती ५:१०) । उहाँले नयाँ र पुरानो करार बीचको सम्बन्धलाई पनि परिभाषित गर्नुहुन्छ । यो खण्डमा हामी सुसमाचार र व्यवस्थाबीचको भिन्नताको साथसाथै पुरानो र नयाँ करारबीच येशूको सम्बन्धलाई पनि हेर्छौं । नसोधेको प्रश्नको जवाफ दिए जस्तै गरी येशू भन्नुहुन्छ, "व्यवस्था अथवा अगमवक्ताहरुलाई रद्द गर्न म आएको भन्ने नसम्झ" (मत्ती ५:१७) ।

शास्त्रीहरु व्यवस्थामा आज्ञाकारी थिए र व्यवस्थाको अधिकारलाई सम्मान गर्थे, तर येशू आफ्नै अधिकारसित बोल्नुभयो । उहाँले बारम्बार भन्नुहुन्छ, "तर म तिमीहरुलाई भन्दछु..." (मत्ती ५:२२; ५:२८; ५:३२; ५:३९; ५:४४) । येशूको शिक्षा सुनेर मानिसहरु छक्क परे किनभने "उहाँले अधिकार भएको मानिस जस्तो गरी सिकाउनुभयो" (मत्ती ७:२९) । पुरानो करारको अधिकारलाई रद्द गर्ने येशूको अभिप्राय थियो भनी सोच्नु स्वभाविक हो, तर उहाँले आफ्ना स्रोताहरुलाई आश्वासन दिनुभयो कि उहाँ व्यवस्थालाई पूरा गर्न आउनु भयो (मत्ती ७:१७) । उहाँले धर्मशास्त्रको अर्थलाई प्रकट गर्नुभयो, मसीहबारेको अगमवाणीलाई पूरा गर्नुभयो, र व्यवस्थालाई पूर्णरुपमा पालना गरी यसलाई कायमै राख्नुभयो ।

शास्त्री र फरिसीहरुको धार्मिकता बाहिरी रुपमा थियो । येशूले तिनीहरुको बाहिरी धर्मकर्मलाई इन्कार गर्नुभयो र व्यवस्थाको सही व्याख्यालाई आपूर्ति गर्नुभयो । साँचो धार्मिकता हृदयबाट आउँछ भन्ने कुरालाई उहाँले स्पष्ट पार्नुभयो । धेरै अगमवक्ताहरुले लामो समय अगाडीदेखि यो शिक्षा दिएका थिए । "तिनीहरुका मनमा मेरो व्यवस्था राखिदिनेछु, र तिनीहरुका हृदयमा त्यो लेखिदिनेछु..." (यर्मिया ३१:३३) । "अनि म मेरा

आत्मा तिमीहरुमा हालिदिनेछु, र तिमीहरुलाई मेरा विधिहरु पालन गर्ने र मेरा नियमहरु होशियारसाथ मान्ने तुल्याउनेछु" (इजकिएल ३६:२७) । परमेश्वरको नयाँ राज्यमा प्रवेश गर्न नयाँ सोच विचार (यशैया ५५:८-९); नयाँ धार्मिकता (मत्ती ५:२०); र नयाँ जन्मको (यूहन्ना ३:३) आवश्यकता पर्छ भन्ने कुरालाई येशूले स्पष्ट पार्नुहुन्छ ।

मत्ती ५ अध्यायको बाँकी खण्डहरुमा यो महान धार्मिकताका उदाहरणहरु दिएका छन् । येशूले सिकाउनु भएका सिद्धान्तहरुलाई ६ वटा समानान्तर अनुच्छेदहरुले चित्रण गर्दछन् । हरेक अनुच्छेदमा "तिमीहरुले सुनेका छौ" भन्ने विरुद्धमा "तर म तिमीहरुलाई भन्दछु" भन्ने शब्द बीचको बिषमता पाउँछौं । याद गर्नुहोस् कि येशूले हरेक शिक्षामा गहिरो र आत्मिक अर्थ दिनुहुन्छ जुन कुरा यहूदीहरुले ग्रहण गरे ।

## (ख) रीस र कामवासनालाई इन्कार गर्दै (मत्ती ५:२१-३०) ।

**"तिमीहरूले सुनेका छौ......तैले हत्या नगर्नू.....तर म तिमीहरूलाई भन्दछु...।"**

सिनै पर्वतमा मोशाद्धारा दिएको यो छैठौं आज्ञा थियो । कुनै मानिसलाई जानीजानी मार्न निषेध गरिएको थियो । आफ्ना भाइप्रति खराब विचार र भावनाहरुलाई समावेश गर्ने कुरालाई यो आज्ञामा येशूले विस्तार गर्नुहुन्छ । किनभने हत्या र अरु सबै खराब कामहरु हृदयबाट नै उत्पन्न हुन्छ । येशूले खराब विचारहरुलाई एकै स्थानमा राख्नुहुन्छ, किनभने त्यसले जानाजानी कसैको जीवन लिन बाहिरी कार्यको रुपमा हत्या गर्न पुग्छ ।

**"तिमीहरूले सुनेका छौ...तैले व्यभिचार नगर'...तर म तिमीहरूलाई भन्दछु...।"**

हत्याको मामलामा जस्तै, व्यभिचारलाई निषेध गर भन्ने आज्ञालाई शास्त्री र फरिसीहरुले केवल शाब्दिक अर्थमा मात्र प्रयोग गर्थे । हृदयबाट शुरु भएको गोप्य विचारहरुबाट त्यस्तो काम हुन्छन् भनी येशूले सिद्धान्तलाई डोऱ्याउनुहुन्छ । घृणाले हत्यातर्फ डोऱ्याउँछ; कामवासनाले व्यभिचारतर्फ डोऱ्याउँछ । परमेश्वरको अगि जीउने शुद्ध जीवनलाई ताढा राख्ने हरेक परीक्षालाई ख्रीष्टियानहरुले इन्कार गर्नुपर्छ भन्ने कुरालाई जोड दिन आँखालाई निकालेर फालिदेऊ वा हातलाई काटेर फालिदेऊ भन्ने कठोर उदाहरण दिनुहुन्छ ।

## (ग) विवाहमा विश्वासयोग्यता र बोली बचनमा इमान्दारीता (मत्ती ५:३१-३७) ।

**"यसो पनि भनिएको छ कि, 'जसले आफ्नी पत्नीलाई त्याग गर्छ, त्यसले उसलाई त्यागपत्र लेखिदिओस्' तर म तिमीहरूलाई भन्दछु...।"**

यी दुइवटै अवस्थाहरु दशौं आज्ञासित सम्बन्धित छन् । "आफ्नो छिमेकीका घरको (तिम्रो छिमेकीको पत्नी) लालच नगर्नू ।" फरिसीहरुसँग कसरी येशू असहमत हुनुभयो:

(१) फरिसीहरु विवाहविच्छेदको निम्ति ठाउँ तयार गरिसकेको थियो; येशूको सोच विचार विवाहलाई स्थापना गर्नेबारे थियो ।

(२) मोशाले विवाहविच्छेदलाई आज्ञाको रुपमा प्रावधान गऱ्यो भनी फरिसीहरु भन्दछन्; येशूले यसलाई मानिसको कठोर हृदयको सहुलियत भन्नुभयो ।

(३) फरिसीहरुले विवाहविच्छेदलाई हल्कारुपमा लिन्थे; येशूले यसलाई निकै गम्भीर रुपमा लिनुभयो, केवल व्यभिचारको कारण छ भने मात्र विवाहविच्छेद भएर पछि पुन:विवाह गर्न सकिन्छ ।

यहाँ येशूले पुनः मानिसको हृदयबाट नै पाप उत्पन्न हुन्छ भन्ने कुरा पहिचान गराउँदै हुनुहुन्छ । मानिसको कठोर हृदयको कारणले गर्दा मोशाले विवाहविच्छेदलाई अनुमति दिनु परेको थियो । परमेश्वरले चाहना गर्नुभए अनुसार विवाहको मौलिक अवस्थामा येशू फर्केर जानुभयो । विवाह भनेको दुवै साझेदारीहरुले एक अर्कालाई जीवनभरी प्रेम र सम्मान गर्ने प्रतिबद्धता हो (मत्ती १९:३-९) ।

**"तिमीहरूले सुनेका छौ....तैले झुटो शपथ नखा' तर म तिमीहरूलाई भन्दछु...।"**

शपथ पवित्र हुन्छ भनी मोशा भन्दछ: "परमप्रभु आफ्ना परमेश्वरको नाउँ व्यर्थैमा नलिनू" (प्रस्थान २०:७, तेस्रो आज्ञा) । मानिसले बोलेको कुराहरु सत्य हो भनी पक्का गर्नु नै शपथको उद्देश्य हो । फरिसीहरुले परमेश्वरको नाउँलाई आकस्मिक भनाइहरुमा प्रयोग गर्नको निम्ति पनि अनुमति दिन्थे जस्तैः "परमेश्वरको नाउँका शपथ खाएर म तिमीलाई भोलि भेट्ने छु ।" सामान्यतया यसरी परमेश्वरको नाउँलाई प्रयोग गर्दा तिनीहरुका असल अभिप्रायहरुलाई संकेट गरेको जस्तो देखिन्छ । जानाजानी कसैले

झुटो बोलेको छ भने त्यस्तो अवस्थामा परमेश्वरको नाउँलाई प्रयोग गर्न फरिसीहरुले अनुमति दिदैनथ्यो । उदाहरणको निम्ति आरोपित व्यक्तिले न्यायालयमा यसो भन्न सक्छ, "मैले पैसा चोरको होइन् भनी म परमप्रभुको नाउँमा शपथ खाएर भन्दछु ।" तर वास्तवमा उसले पैसा चोरेको थियो । परमप्रभुको नाउँलाई चोरको भनाइमा प्रयोग गर्नु भनेको उसको अपराधको अभियोगबाट बच्नको निम्ति उसले शपथलाई प्रयोग गरेको देखिन्छ ।

यसकारण मत्ती ५:३७ मा येशूले भन्नुभयो, "तिमीहरुले भनेको वचनचाहिँ 'हो' भने 'हो' र 'होइन' भने 'होइन' मात्र होस् ।" इमान्दार ख्रीष्टियानले शपथ खानु पर्दैन् ।

### (घ) प्रतिशोध र क्रियाशिल प्रेम (मत्ती ५:३८-४८)।

**"तिमीहरूले सुनेका छौ...आँखाको बदला आँखा, र दाँतको बदला दाँत ।' तर म तिमीहरूलाई भन्दछु...।"**

प्रस्थान २० अध्यायमा व्यक्तिगत नैतिक आचरणका नियमहरु उल्लेख गरेका छन् । दश आज्ञामा आधारित आज्ञाहरु प्रस्थान २१-२३ अध्यायहरुमा छन् । व्यक्ति र धनसम्पतिलाई क्षति गरेको धेरै उदाहरणहरु पनि छन् । व्यवस्थामा यसलाई प्रतिशोधको नियम भनिन्छ । यी व्यवस्थाहरुको अभिप्राय भनेको इन्साफलाई परिभाषित गर्ने र प्रतिशोधलाई रोक्ने थियो । अपमान भएको व्यक्तिलाई बदलाको निम्ति विशेष अनुमति दिंदा मोशाले प्रतिशोधको मात्रालाई सिमित गर्नुभयो । उदाहरणको निम्ति यदि कसैले अर्को व्यक्तिको आँखा क्षतिग्रस्त गरिदियो भने, क्षति भएको व्यक्तिलाई अपमान भयो भनेर अत्याधिक रुपमा बदलाको भावना राखेर त्यसलाई मार्न निषेध गरिएको थियो । उसले प्रतिशोधको रुपमा अपराधीको आँखालाई क्षति पुऱ्याउन सक्ने सिमितता थियो ।

प्रतिशोधको नियमबाट येशू गैर-प्रतिशोधको सिद्धान्तमा जानुभयो, जुन क्षमामा आधारित छ । उहाँ भन्नुहुन्छः (१) अर्को गाला थापिदेऊ (२) तिम्रो दौरा साथै खास्टो पनि दिइहाल (३) दुइ किलोमिटर गइदेऊ (४) तिमीसँग माग्नेलाई देऊ । यी सबै गैर-प्रतिशोधका उदाहरणहरुले येशूको शिक्षाको सर्वश्रेष्ठ नैतिकताको चित्रण गर्दछ ।

**"तिमीहरूले सुनेका छौ...तिम्रो छिमेकीलाई प्रेम गर, र तिम्रो शत्रुलाई घृणा गर ।' तर म तिमीहरूलाई भन्दछु...।"**

अब, यहाँ येशूले क्रियाशिल प्रेमको अवधारणालाई सम्बोधन गर्नुहुन्छ । यस्ता केही निश्चित क्रियाहरुलाई अब उप्रान्त बेवास्ता गर्नु भन्ने कुराहरु उहाँले भनिराख्नु भएको छैनन् तर शुद्ध तरीकाले आफ्ना संगी मानिसहरुलाई हौसला दिने काममा सम्लग्न हुनु भनी आफ्ना अनुयायीहरुलाई भन्नुहुन्छ । "तिम्रो छिमेकीहरुलाई प्रेम गर, र तिम्रो शत्रुलाई घृणा गर" भनी परमेश्वरको व्यवस्थालाई परिवर्तन गरी शास्त्री र फरिसीहरुले सिकाएको कुरालाई उहाँले निन्दा गर्नुहुन्छ । यो कुरा सत्य हो कि आफ्ना छिमेकीहरुलाई प्रेम गर्नु भनी परमेश्वरले आफ्ना जनहरुलाई भन्नुभयो, तर तिनीहरुले आफ्ना छिमेकीहरुलाई घृणा गर्नुपर्छ भनी परमेश्वरले कहिँ पनि भन्नुभएको छैनन् । धर्मशास्त्रले त्यसको विपरित यसो भन्छ, "यदि तेरो शत्रु भोकाएको छ भने, त्यसलाई खान भोजन दे, यदि त्यो तिर्खाएको छ भने, त्यसलाई पिउन पानी दे" (हितोपदेश २५:२१) । ख्रीष्टियानहरुले खराबको विरुद्धमा खराब गर्नु हुँदैन भन्ने सन्दर्भमा पावलले यो पद खण्डलाई रोमी १२:२० मा उद्धरण गर्दछ । राज्यका नागरिकहरुले आफ्ना शत्रुहरुलाई प्रेम गर्नु पर्छ भन्नको निम्ति येशूले अझै अर्को उदाहरण दिनुहुन्छः परमेश्वरले धर्मी र पापी दुवैलाई प्रेम गर्नुहुन्छ (मत्ती ५:४५) ।

आफ्नो धार्मिक अभ्यासहरुमा तिनीहरु सिद्ध वा पूर्ण हुनुपर्छ भन्न येशूले आफ्ना अनुयायीहरुलाई सिकाउँदै आफ्नो प्रवचनको यो खण्डलाई अन्त्य गर्नुभयो । कोही पनि पूर्णरुपमा पवित्र हुन सक्दैनन् । येशूले प्रष्टरुपमा यो भन्दै हुनुहुन्छ कि उहाँका अनुयायीहरुले सम्भव भएसम्म व्यक्तिगत रुपले सबै पवित्रताकासाथ परमेश्वरलाई आराधना र सेवा गर्नुपर्छ । ख्रीष्टका चरित्रहरुलाई प्रचुरमात्रामा धारण गर्दै राज्यका नागरिकहरु पवित्र सिद्धताको नजिक आउन सक्छ । पूर्णरुपमा व्यवस्था पालन गरेका छौ भन्ने शास्त्री र फरिसीहरुको पाखण्डलाई प्रदर्शन गर्दै येशूले धर्मप्रति नयाँ स्वभावलाई अघि बढाउनुभयो । परमेश्वरका सन्तानहरु राज्यका नागरिक भएकोले तिनीहरुले पवित्र व्यवहार गर्नुपर्छ किनभने परमेश्वर पवित्र हुनुहुन्छ । यदि तिनीहरुले आफ्ना आन्तरिक इच्छाहरुलाई नियन्त्रण गऱ्यो भने तिनीहरुका विचारहरु पापपूर्ण क्रियाकलापतर्फ दोहरिदैनन् (याकूब ४:१-६) ।

अध्याय- ५

# ख्रीष्टियान धर्म

### चरित्र, प्रभाव र धार्मिकतामा अभ्यास (मत्ती ६:१-८; १६-१८)

सही चरित्रको परिणामले सही काम र सही प्रभाव पर्दछ भन्ने धन्यका वचनहरु र डाँडाको उपदेशका अरु खण्डहरुबाट येशूले सिकाउनुभयो । उहाँले अर्को तीनवटा कुराहरुका बारेमा बोल्नुहुन्छ जसले पवित्रताको प्रर्दशन गर्दछः (१) गुप्त-दान (२) प्रार्थना (३) उपवास । आराधना र ईश्वर भक्तको सबै क्रियाकलापहरुमा यी कार्यहरु विकृतिको रुपमा पनि जान सक्छन् । यही कुरा वास्तवमै शास्त्री र फरिसीहरुले गरिरहेका थिए । तिनीहरुका गुप्त दान, प्रार्थना र उपवासमा गलत अभिप्राय थियो। अरु मानिसहरुले देखोस् र प्रशंसा गरुन् भन्ने तिनीहरु चाहन्थे ।

ख्रीष्टियानहरुका गुप्त-दानको बारेमा उहाँ बोल्नहुँदा (मत्ती ६:२-४) येशूले दुइ प्रकारको दानलाई तुलना गर्नुहुन्छ (१) देखाउनको निम्ति दिइने दान (२) हृदयबाट दिइने दान । गुप्त दान भनेको दयाको काम हो भनी येशूले सिकाउनुहुन्छ, र उहाँले त्यो काम पछाडिको कारणलाई हेर्नुहुन्छ । पाखण्डीहरुले दिँदा तिनीहरुले कस्तो इनाम खोजेको हुन्छ? निश्चय नै तिनीहरुले प्रशंसा खोज्थ्यो । तिनीहरुले केवल त्यही इनाम मात्र पाउनेछौ भनी येशू भन्नुहुन्छ किनभने पाखण्डीपूर्ण गरेको आराधनालाई परमेश्वरले कहिल्यै पनि प्रशंसा गर्नुहुनेछैन् ।

त्यसपछि येशूले ख्रीष्टियान प्रार्थनाबारे बोल्नुहुन्छ (मत्ती ६:५-६) । उहाँले दुइ प्रकारको प्रार्थनाबारे भन्नुहुन्छ । (१) पाखण्डीहरुको- सार्वजनिक प्रार्थना (२) नम्र मानिसहरुको- निजी प्रार्थना । गुप्त दानको बारे येशूले सिकाउनुहुन्छ कि नम्र मानिसहरुको स्वभाव घमण्डी मानिसहरुको भन्दा धेरै शुद्ध हुन्छ ।

अब, येशूले ख्रीष्टियान उपवासको बिषयलाई सम्बोधन गर्नुहुन्छ (मत्ती ६:१६-१८) । उहाँले दुइ प्रकारको उपवासबारे भन्नुहुन्छ ।

(१) पाखण्डीहरुको अभिमानी र सार्वजनिक उपवास । (२) धर्मी मानिसहरुको नम्र र व्यक्तिगत उपवास ।

यो तुलना गरिरहनु हुँदा येशूले सिकाइको तरीकालाई परिचय दिँदै हुनुहुन्छ जुन कुरा उहाँले पहिले नै अप्रत्यक्षरुपमा भनी सक्नुभएको थियोः उहाँका स्रोताहरुलाई दुइवटा छनौटका विचारलाई प्रस्तुत गर्दैहुनुहुन्छ । यो परम्परागत सिकाइको प्रणाली हो जुन कुरालाई हरेक उचित मानिसहरुले सजिलै बुझ्न सकिन्छ । जब कसैलाई स्पष्ट रुपमा असल र खराब रोजाइ दिएको छ भने, सामान्यतया बौद्धिक र परिपक्व मानिसले राम्रो विकल्पलाई रोज्नुपर्छ, तर तिनीहरुले जहिले पनि त्यसो गर्दैनन् ।

त्यसपछि स्वभाविकरुपले यो प्रश्न उठ्छः किन मानिसहरुले खराब कुराहरु रोज्छन्? किनभने छनौटलाई अगुवाई गर्ने हरेकको विचारमा शैतान सम्लग्न हुन्छन् । सबै खराब रोजाइहरुका पछाडि शैतानको प्रभाव पर्छ । परमेश्वरको प्रेरणामाथि शैतानले प्रश्न सृजना गर्छ । शैतानले छनौटको प्रस्ताव गर्छ जुन हेर्नमा राम्रो लाग्छ, जबकि तिनीहरु सतही रुपमा आकषार्ण हुन्छ । अदनको बगैचामा हव्वाको परीक्षा एउटा उदाहरण हो । शरीरको अभिलाषा, आँखाको अभिलाषा, र जीवनको घमण्ड शैतानले ल्याएको संसारिक स्वभाव हो । यी स्वभावहरुले सही छनौट रोज्नबाट मानिसहरुलाई विचलित बनाउँछ (१ यूहन्ना २:१५-१७) । शैतानले येशूलाई पनि त्यही संसारिक छनौटहरुद्धारा परीक्षामा पार्‍यो (मत्ती ४:१-११) । परमेश्वरको वचनमा ("यसो लेखिएको छ...") आधारित भएर सही कुरालाई रोज्दै येशूले यी परीक्षाहरुलाई इन्कार गर्नुभयो । तिनीहरुको संघर्षमा सही कुरालाई रोज्न राज्यका नागरिकहरुलाई त्यही समर्थन गरेको छ ।

अध्याय- ६

# ख्रीष्टियान प्रार्थना

## प्रार्थना यान्त्रिक होइन तर विचारशील हो (मत्ती ६:७-१५)।

प्रार्थनाको सामान्य विचारबाट अब येशू प्रार्थनाको बिशिष्ट क्रियामा फर्कंदैहुनुहन्छ । पुनः उहाँले दुइवटा छनौट दिनुहुन्छ । (१) मूर्तिपूजकहरुका बाहिरी व्यर्थको प्रार्थना । (२) चेलाहरुका आज्ञाकारी नम्रताको प्रार्थना । खराब रोजाइको परिणामले प्रार्थनाहरु स्वीकारयोग्य हुँदैनन् । यस्तो क्रिया र अभिप्रायद्धारा गरेको प्रार्थना परमेश्वरले ग्रहण गर्नुहुन्न् । लामो प्रार्थनाहरुले परमेश्वरलाई प्रभाव पार्न सक्दैनन् र खोक्रो हृदयले रित्तो वाक्यांशलाई संकेट गर्छ भन्ने कुरा हामीलाई सिकाएको छ ।

येशूले चेलाहरुलाई प्रार्थनाको नमुना प्रस्तुत गर्नुभयो । यसलाई प्रायजसो परमप्रभुको प्रार्थना भनिन्छ (मत्ती ६:९-१३) । ख्रीष्टियानहरुको प्रार्थना विश्वासद्धारा गरिने अभ्यास हो भनी हामी जान्न सक्छौं । परमेश्वरलाई कुनै कुराको जानकारी गराइराख्नु पर्दैन् वा सम्झाउनु पर्दैनन् । उहाँले हाम्रा आवश्यकताहरु पहिले नै बुझ्नुहुन्छ । हाम्रा पिताको रुपमा भएर हाम्रा प्रार्थनाको जवाफ दिन उहाँ इच्छुक हुनुहुन्छ । त्यसो भए, किन हामीले अपेक्षा गरे अनुसार हाम्रा प्रार्थनाको जवाफ पाउँदैनौं? गलत रोजाइको परिणामले गर्दा पनि प्रार्थनाको उत्तर पाउँदैनौं भनी अरु धर्मशास्त्रका खण्डहरुले हामीलाई सिकाउँछ (याकूब ४:२,३) । याकूब भन्दछ, “तिमीहरुसित हुँदैनौं, किनभने तिमीहरु परमेश्वरसित माग्दैनौं । तिमीहरु माग्छौं तर तिमीहरु पाउँदैनौं, किनकि आफ्ना अभिलाषा पूरा गर्नलाई बेठीकसित माग्छौं ।”

## प्रार्थनाको नमूना (मत्ती ६:९-१३)।

प्रार्थना परमेश्वरमा सम्बोधन गरिन्छ । प्रार्थनाका दुइ भाग हुन्छ जसमा तीनवटा निवेदनहरु छन् । पहिलो खण्डमा परमेश्वरको महिमाको बारेमा छ । पहिलो, तीनवटा निवदेनहरुका विषयहरु परमेश्वरको नाउँको महिमा गर्ने, उहाँको राज्य स्थापना गर्ने र सबै मानिसहरुका हृदयमा उहाँको इच्छालाई पहिलो स्थानमा राख्ने हो ।

**तपाईंको नाउँ पवित्र होस्...(मत्ती ६:९)।**

परमेश्वरको नाउँ पवित्र छ भनी प्रभु येशूले हामीलाई सिकाउनुहुन्छ । त्यसकारण उहाँको नाउँलाई जहिले पनि सम्मान र श्रद्धा गर्नुपर्छ । "विज्ञानको उच्चता, उच्चतम अनुमान, शक्तिशाली दर्शनशास्त्रमा परमेश्वरका सन्तानहरुले कहिल्यै पनि आफ्नो ध्यान आकर्षण गर्न सक्दैनन् । महान परमेश्वरको नाउँ, स्वभाव, व्यक्तित्व, काम, अस्तित्वलाई हेरेर जसले उहाँलाई आफ्नो पिता भनेर पुकारिन्छ" (चार्ल्स स्पर्जन) ।

**तपाईंको राज्य आओस्...(मत्ती ६:१०)।**

परमेश्वरको राज्य अघि नै संसारमा आइसकेको छ भन्ने कुरा ख्रीष्टियानहरुलाई थाहा छ । तर सबै मानिसहरुले आफ्नो जीवनमा परमेश्वरको राज्यलाई पाएका छैनन् । सबै ठाउँमा भएका मानिसहरुले राज्यको सुसन्देश सुनुन् र तिनीहरुका हृदयमा येशू ख्रीष्टलाई प्रवेश गर्न अनुमति दिऊन् भनी हामी राज्यका नागरिकहरुले प्रार्थना गर्नुपर्छ । यो अर्थमा ख्रीष्टियानहरुले अझ पनि "तपाईंको राज्य आओस्" भनेर प्रार्थना गर्न सकिन्छ ।

**तपाईंको इच्छा पूरा होस्...(मत्ती ६:१०) ।**

परमेश्वरको इच्छालाई पूर्णरुपमा स्वर्गमा पालना गरियो । पृथ्वीका सबै मानिसहरुले उहाँको व्यवस्थालाई पालना गरुन् र धार्मिकतालाई अभ्यास गरुन् भन्ने यो उहाँको इच्छा हो । अपमान, पीडा, र मृत्यु नै आइपरेता पनि येशूले पिताको इच्छालाई आज्ञापालन गर्ने कुरा रोज्नुभयो (मत्ती २६:४२) । परमेश्वर पिताको इच्छा पालना गर्नु येशूको इच्छा थियो (भजनसंग्रह ४०:८) र उहाँ संसारमा आउनुको कारण पनि त्यही थियो (हिब्रू १०:९) । जसले ख्रीष्टको यो उदाहरणलाई पछ्याउँनुहुन्छ उहाँहरु येशूका दाजुभाइ र दिदी बहिनीहरुका रुपमा गनिन्छन् (मर्कूस ३:३५) ।

परमप्रभुको प्रार्थनाको दोस्रो खण्डले मानिसको आवश्यकताको बारेमा वर्णन गर्दछ, जसमा दैनिक भोजन, पापको क्षमा, परीक्षा र दुष्टबाट छुटकारा गर्ने कुरा पर्दछ ।

**हामीलाई हाम्रो दैनिक भोजन दिनुहोस्...(मत्ती ६:११)।**

मानव अस्तित्वको निम्ति भोजन अति आवश्यक कुरा हो । राज्यका नागरिकहरुले तिनीहरुको भोजन लगायत जीवनको निम्ति चाहिने अरु

आवश्यकताहरु पूरा गरिदिनुहोस् भनी परमेश्वरसित निवेदन गर्नुपर्छ भनी येशूले हौसला दिनुहुन्छ । परिवार जो हरेक दिन एकै साथ भेला हुने समुदाय भएकोले यसरी अनुमान गर्न सकिन्छ कि तिनीहरुका दैनिक आवश्यकताहरुका निम्ति परिवारले विशेषरुपमा प्रार्थना गर्ने र धन्यवाद चढाउनुपर्छ भन्ने येशू चाहना गर्नुहुन्छ ।

**हाम्रा अपराधहरू क्षमा गर्नुहोस् (कमजोरीहरू, गल्तीहरू, दोष, पापहरू)...(मत्ती ६:१२)**

दैनिक जीवनको आधारभूत भोजनभन्दा पनि अत्याधिक मात्रामा क्षमाको आवश्यकता पर्दछ । यो परमेश्वरसितको पवित्र सम्बन्ध संरक्षणको निम्ति गरिन्छ । पापले परमेश्वरदेखि ताढा राख्छ (यशैया ५९:२) र केवल परमेश्वरको पाप क्षमाले मात्र पापी मानिसहरु उहाँको करारको सम्बन्धमा पुनः फर्केर आउन सकिन्छ । पाप ऋण हो जुन हामी परमेश्वरमा ऋणी भएका छौं र त्यो हामीले तिर्न सक्दैनौं, तर हाम्रो निम्ति त्यो ऋण क्रूसमा तिर्न येशू इच्छुक हुनु भएको छ (रोमी ५:१०; २ कोरिन्थी ५:१८-१९) ।

**हामीलाई दुष्टबाट छुटाउनुहोस्...(मत्ती ६:१३) ।**

राज्यका नागरिकहरुका सबैभन्दा ठूलो शत्रु शैतान हो । हामी एक्लै शैतानबाट आएको परीक्षाको सामना गर्न सक्दैनौं । यो कुरा थाहा पाएर परमेश्वरले विश्वासीहरुलाई सान्त्वना र सल्लाह दिन पवित्र आत्मा दिनु भएको छ (यूहन्ना १४:१६) । आफ्ना चेलाहरुसित जहिले पनि हुनेछु भनी येशूले प्रतिज्ञा गर्नुभयो (मत्ती २८:२०) । प्रार्थनाद्वारा भएर परमेश्वर हामीमाझ तत्कालै पुग्नुहुन्छ । यी सबै कुराले शैतानको विरुद्धमा उभिन ख्रीष्टियानहरुलाई सहायता गर्दछ । विशेष गरी विश्वासको ढाल, परमेश्वरको हातहतियार धारण गर्नुपर्छ (एफिसी ६:१६) । येशूले प्रार्थनालाई प्रशंसासित अन्त्य गर्नु भएको छ जसमा राज्य, पराक्रम र परमेश्वरको महिमा यी निवेदन गर्नेहरुलाई प्रदान गरिनेछ भनी संकेटमा पुष्टि हुन्छ ।

अध्याय- ७

# ख्रीष्टियान प्रेरणा

## भौतिक सुरक्षा होइन् तर परमेश्वरको नियम (मत्ती ६:१९-३४)।

मत्ती ६ अध्याय दुइ भागमा बाँडिएको छ । पहिलो आधा भाग व्यक्तिगत निजी जीवनबारे छ, जुन सार्वजनिक मानिसहरुका दृष्टिभन्दा बाहिर जीइएको हुनुपर्छ । यहाँ येशूले गुप्त-दान, प्रार्थना र उपवासको बारेमा बोल्नुहुन्छ यी धार्मिक क्रियाकलापहरुमा ख्रीष्टियानहरु पाखण्डीहरुभन्दा फरक हुनुपर्छ भनी येशूले सिकाउनुहुन्छ ।

सार्वजनिकरुपमा ख्रीष्टियानहरु बाहिर जाँदा कस्तो व्यवहार गर्नुपर्छ भन्ने कुरा दोस्रो खण्डको आधा भागले बताउँछ । रुपैया, सम्पति, भोजन खाने, पिउने, लुगाकपडा र महत्वाकांक्षासितको ख्रीष्टियान सहभागिताबारे उहाँ बोल्नुहुन्छ । यी विषयहरुमा ख्रीष्टियानहरुको स्वभाव अधार्मिक मानिसहरुको भौतिक स्वभावभन्दा फरक हुनुपर्छ भनी येशूले सिकाउनुहुन्छ ।

चेलाहरुसित धार्मिक र संसारिक दुइवटै जिम्मेवारीहरु छन् । राज्यका नागरिकहरुका संसारिक क्रियाकलापहरु धार्मिक सिद्धान्तहरुका आधारमा हुनुपर्छ । आफ्ना चेलाहरुलाई येशूले निरन्तरुपमा छनौटको प्रस्ताव दिनुहुन्छ । यी रोजाइहरुले संसारका नागरिक र राज्यका नागरिकबीच भिन्नता देखाउँछ ।

### (क) सम्पत्तिबारे प्रश्नः के ले हामीलाई साँच्चै धनी बनाउँछ? (मत्ती ६:१९-२१)।

सर्वप्रर्थम, येशूले दुइवटा सम्पत्तिबारे बोल्नुहुन्छ (मत्ती ६:१९-२१) । सम्पत्ति भनेको प्रायजसो चाहनायोग्य र ठूलो मूल्यको हुन्छ । दुइवटा रोजाइ दिएको छः (१) पृथ्वीमा धन-सम्पत्ति थुपार । (२) स्वर्गमा धन-सम्पत्ति थुपार । कुन धन सम्पत्तिले तिनीहरुलाई धनी बनाउँछन् भन्ने कुरा चेलाहरुले विचार गरेको होस् भन्ने येशू चाहनुहुन्छ । यी सम्पत्तिहरु जम्मा गरेको परिणामको आधारमा तिनीहरुको लेखा लिइनेछन् । केही प्रश्नहरु उठ्छन्: (१) यी दुइ सम्पत्तिहरुका तुलनात्मक स्थायित्व के हो? (के सम्पत्ति हराउन वा चोर्न सक्छ; खिया लाग्न सक्छ, कुहिन सक्छ वा नष्ट हुन सक्छ?) (२) कसरी यी दुइवटै सम्पत्तिले चेलाहरुको आत्मिक जीवनमा असर पार्छ? (के यसले मलाई परमेश्वरको नजिक खिच्छ वा परमेश्वरबाट टाढा राख्छ?) (३)

के सम्पत्तिको चिन्तन गर्दा साँचो खुशीबाट विचलित हुन्छौ? (खुशी वा सन्तुष्ट अस्थायी/स्थायी कुन हो विचार गर्नुहोस्) (४) के हाम्रो मृत्युपछि हामीले सम्पत्तिलाई हामीसित लिएर जान सक्छौं? (प्रायजसो संसारिक सम्पत्तिहरु हाम्रो उत्तराधिकारीहरुलाई छोडेर जान्छौं ।)

सामान्यतया येशूले धन संचयको विरुद्धमा बोल्नुभएको होइन् न ता उहाँले कुनै पनि ईश्वरीय खुशी वा सुखलाई पछ्याउन मनाही गर्नुहुन्छ । रुपैया पैसा सम्पत्तिलाई जम्मा गर्नु भनेको केवल वस्तुलाई संचय गर्नु मात्र हो । तिनीहरुले जम्मा गरेका सम्पत्तिप्रति कसरी चेलाहरुले प्रतिक्रिया गर्छन् त्यसलाई विचार गर्नुहोस् । स्वर्गमा धन सम्पत्ति जम्मा गर्ने रोजाइ स्पष्टरुपमा बुद्धिमानी कुरा हो । यूहन्ना १०:१० मा येशूले कुरा गर्नु भएको प्रशस्त जीवन स्पष्टरुपमा आत्माले भरेको जीवन हो जुन कुरा स्वर्गमा धन सम्पत्ति जम्मा गर्नु हो ।

## (ख) हेराइबारे प्रश्नः तपाईको आँखाको हेराइ कस्तो छ? (मत्ती ६:२२-२३) ।

अब, येशूले दुइवटा अवस्थाबारे जानकारी गराउनुहुन्छ (ज्योति र अन्धकार २२-२३) । यो भिन्नता स्पष्टरुपमा आत्मिक अन्धकार र ज्योति बीचको हो । डाँडाको उपदेशमा यो स्वभाविक संक्रमण हो किनभने आँखा त्यो बस्तु हो जसले धेरै जसो इच्छा गरेका कुराहरुलाई आकषर्ण गर्छ । मानिस स्वस्थ छ भने उसले राम्रोसँग देख्नेछ, जबकि दृष्टिबिहिनहरु तिनीहरुका वरपर के छ भन्ने कुरामा चिन्तित हुँदैनन् । यी प्रश्नहरुबारे विचार गर्नुहोस् । (१) हामीले कुन कुरालाई हेरिरहेका छौं? (२) आत्मिकरुपमा क्षति पुऱ्याउने कुरालाई हेर्दा हामीले के गर्नु पर्छ? यहाँ येशूले हामीलाई सिकाउनुहुन्छ कि आत्मिकरुपमा हितकर र भलाइका कुराहरुमा हामीले ध्यान केन्द्रित गर्नुपर्छ । आत्मिक अन्धकारमा हिड्नु भनेको दृष्टिबिहिन भएर भौतिक अन्धकारमा हिड्नुभन्दा पनि अझ खराब कुरा हो । येशूले उपलब्ध गराउनु भएको ज्योतिमा हिड्नु हाम्रो निम्ति राम्रो हौसलाको कुरा हो (१ यूहन्ना १:७) ।

## (ग) निष्ठाबारे प्रश्नः कुन मालिकको तपाई सेवा गर्नुहुन्छ? (मत्ती ६:२४) ।

निष्ठाबारे येशूले आफ्नो छलफललाई निरन्तरता दिनुहुन्छ । उहाँले दुइ मालिक बीचको रोजाइलाई प्रस्तुत गर्नुहुन्छ (मत्ती ६:२४) । हरेकको शरीरमा यी दुइ मालिकहरुमध्ये एकले नियन्त्रण गरिरहेको हुन्छ । प्रत्येकको मामलामा व्यक्तिगत रोजाइ सम्लग्न हुन्छ । के त्यो मालिक परेश्वर हुनुहुन्छ

वा पैसा हो? हामीले परमेश्वरलाई ओठले मात्र पनि सेवा गर्न सक्छौं भनी संसारले भन्दछ (मत्ती ७:२१-२३; १५:८), तर हामी पूर्णरुपमा परमेश्वर को अधिकारमा सर्मपण गरेको उहाँ चाहनुहुन्छ (प्रस्थान २०:३-४) । आत्मिक कुराहरुसित पैसाले हस्तक्षेप गर्दैनन् भनी संसारले भन्छ (मत्ती १९:१६-२२) । "रुपैया पैसाको मोह नै सबै किसिमका खराबीको जड हो" भनी धर्मशास्त्रले भन्दछ (१ तिमोथी ६:१०) । सम्पत्तिको छल र खतराबारे धेरै चेतावनीहरु दिएका छन् (प्रकाश ३:१७; मत्ती १३:२२) । परमेश्वरको दृष्टिकोणमा हामी धनी हुनुपर्छ भनी येशूले हामीलाई भन्दै हुनुहुन्छ । खोज्नै नसकिने ख्रीष्टको अगम्य सम्पत्तिको हामीले इच्छा गर्नुपर्छ भनी पावल लेख्दछ (एफिसी ३:८) ।

### (घ) महत्वाकांक्षीबारे प्रश्नः के को लागि प्रयास गनुपर्छ? (मत्ती ६:२५-३४)।

अब येशूले दुइ प्रकारको महत्वाकांक्षको बिषयमा वर्णन गर्नुहुन्छ । चेलाहरुलाई उहाँले पुनः दुइ वटा रोजाइ दिनुहुन्छः (१) आत्मसन्तुष्टि र आत्म भरोसाको निम्ति तनावपूर्ण प्रयास । (यही कुरा जुन मूर्तिपूजकहरुले गर्दछन्) । (२) शान्तपूर्वक परमेश्वरमा भरोसा गर्ने । (यही कुरा राज्यका नागरिकहरुले गर्छन्) । राज्यका नागरिकहरुको आफ्नो दैनिक जीवनको सम्बन्धबारे येशूले सम्बोधन गर्नुहुन्छ । तिनीहरुको सबैभन्दा ठूलो चिन्ताको विषय के हो? तिनीहरु पनि पवित्र छन भनी ठान्छन् तर तिनीहरुमध्ये धेरैमा डर छैनन्; त्यसको सट्टा तिनीहरु विशेष गरी भोजन, लुगा कपडा र आफ्नै शरीरबारे चिन्ता गर्छन । "के हामीलाई आजको निम्ति पर्याप्त छ?" "भोलिको बारे के छ?" भनी तिनीहरु सोध्छन् ।

गलत र संसारिक महत्वकांक्षले चिन्ता ल्याउँछ भनी येशू भन्नुहुन्छ, जुन ख्रीष्टियान विश्वाससित असंगत हुन्छ । अर्कोतर्फ परमेश्वरमा भरोसा राख्नाले डररहित जीवनको प्रत्याभूति हुँदैनन् । विश्वासीहरु समस्याहरुबाट, जीविको पार्जन, र अरु संगको धेरै जिम्मेवारीहरुबाट ताढा हुन सक्दैनन् ।

तिनीहरुसित अनुचित चिन्ताहरु छन् भनी येशूले तिनीहरुलाई सिकाउनुहुन्छ । आफ्नो जीवन थाम्नको निम्ति तिनीहरुसँग पर्याप्त कुराहरु छन् भनी परमेश्वर देख्नुहुन्छ । जे भएता पनि उहाँले आफ्नो सृष्टिलाई वास्ता गर्नुहुन्छ र चराचुङ्गी वा फूललाईभन्दा पनि उहाँका सन्तानहरु धेरै मूल्यवानका छन् । त्यसको बदलामा राज्यका नागरिकहरुले परमेश्वरको राज्य र उहाँको धार्मिकताको बारेमा चिन्ता गर्नुपर्छ ।

अध्याय- ८

# ख्रीष्टियान सम्बन्धहरू

## दाजुभाइ र स्वर्गीय पितासँगको सम्बन्ध (मत्ती ७:१-१२)।

मत्ती ७ अध्यायमा धेरै आत्म-निहित अनुच्छेदहरु छन् । अगिका खण्डहरुमा येशूले ख्रीष्टियान चरित्र, प्रभाव, धार्मिकता, दया र प्रेरणाका कुराहरुलाई वर्णन गर्नुभयो । अब उहाँले ख्रीष्टियान स्वभाव र सम्बन्धहरुबारे ध्यान केन्द्रित गर्नुहुन्छः (१) हाम्रा दाजुभाइहरुप्रति (मत्ती ७:१-५) । (२) "कुकुरहरु" र "सुँगुरहरुप्रति" (मत्ती ७:६) । (३) हाम्रा स्वर्गीय परमेश्वर पिताप्रति (मत्ती ७:७-११) । (४) हाम्रा संगी मानिसहरुप्रति (मत्ती ७:१२) । (५) हाम्रा संगी तीर्थयात्रीहरुप्रति (मत्ती ७:१३-१४) । (६) झुटा अगमवक्ताहरुप्रति (मत्ती ७:१५-२०) । (७) हाम्रा परमप्रभु येशूप्रति (मत्ती ७:२१-२७) ।

## (क) हाम्रा दाजुभाइप्रति हाम्रो सम्बन्ध (मत्ती ७:१-५)।

राज्यका नागरिकहरुले एक अर्कालाई इन्साफ गर्नुहुँदैनन् भनी येशूले अर्ती दिनुहुन्छ (मत्ती ७:१-२) । यसो भन्दै गर्नुहुँदा उहाँले न विविध न्यायिक अधिकारीहरु नियुक्त गर्ने कुरामा कुनै प्रतिबन्ध लगाउनुभएको छ न ता अरु मानिसहरुका व्यवहारप्रति कुनै विचारहरु सृजना गर्नेबारे आफ्ना चेलाहरुलाई इन्कार गरिराख्नु भएको छ । जे भएता पनि उहाँले चेलाहरुलाई यही प्रवचनमा भन्नुहुन्छ कि तिनीहरुले आफ्ना फलहरुबाट रुखलाई चिनिन्छन् । एक अर्कालाई अन्यायपूर्वक हतार गरेर दोष दिने कुराको विरुद्धमा येशूले चेतावनी दिनुभयो ।

पाखण्डीपूर्ण तरीकाद्धारा इन्साफ गर्ने स्वभावको खतरालाई येशूले देखाउनुहुन्छ (मत्ती ७:३,४) । आफ्नो आँखामा ठूलो मुढा भएको मानिसले अरुको आँखाबाट सानो धुलोको कण निकाल्ने कोशिस गर्दछ । स्पष्टरुपमा अरुलाई आत्मिकी सल्लाह दिनु अगि पाखण्डीहरुले आफ्नो जीवनबाट दोष र गल्तीहरु सच्याउनु पर्छ । संगी ख्रीष्टियानहरुका जीवनमा भएका गलत कुराहरुको बारेमा चिन्तित हुँदै राज्यका नागरिकहरुलाई येशूले हौसला दिनुहुन्छ । हामीले एक अर्काको भारलाई उठाउनुपर्छ (गलाती ६:२), हराएकाहरुलाई बचाउनुपर्छ (मर्कूस १६:१५,१६), र गलतमा रहेका दाजुभाइलाई उद्धार गर्नुपर्छ (यहूदा २२-२३) । यदि हामीले तिनीहरुको

आत्मिकी अवस्थालाई मूल्यांकन गर्न सक्यौं भने मात्र केवल हामीले यो गर्न सक्छौं । येशूले दोष दिनुभएको यो पाखण्डीपूर्ण इन्साफ होइन् ।

**(ख) "कुकुर" र "सुँगुरहरूप्रति" हाम्रो सम्बन्ध (मत्ती ७:६) ।**

कसैले सुसमाचारलाई इन्कार गर्नेछन् भने कसैमा सुसमाचारप्रति खतरनाक स्वभाव हुनेछन् भन्नको निम्ति येशूले यहाँ सरल भाषा प्रयोग गर्दै चेलाहरुलाई चेतावनी दिनुहुन्छ । अरु मानिसहरुलाई सुसमाचार सुनाउँदा हामी न्याय गर्ने व्यक्ति हुनुहुँदैनौं तर विवेकशील हुनुपर्छ । कोही मानिसहरु सुसमाचारको योग्य हुन्छन् भने कोही योग्य हुँदैनन् भनी येशूको अर्थ लाग्छ । सबैलाई उद्धार मुक्तिको आवश्यकता छ, तर सबै बचाइनेछैनन् किनभने सबैले मुक्तिको सुसन्देश सुन्दैनन् (रोमी १०:१६-२१) ।

**(ग) हाम्रा स्वर्गीय पिताप्रति हाम्रो सम्बन्ध (मत्ती ७:७-११) ।**

प्रत्यक्ष आज्ञाहरुसित जोडिएको यो खण्डमा येशूले तीनवटा प्रतिज्ञाहरु दिनुहुन्छ । परमेश्वरको आशिषको चाहना राख्ने येशूका चेलाहरुले माग्नुपर्छ, खोज्नुपर्छ र ढकढक्याउनुपर्छ । येशूले यो शिक्षालाई विश्वव्यापी भनाइको रुपमा दिनुहुन्छ (मत्ती ७:८) । जसले माग्छ- त्यसले पाउनेछ; जसले खोज्छ- त्यसले भेट्टाउँछ; र जसले ढकढक्याउँछ- तिनीहरुका निम्ति ढोका उघारिनेछ भनी उहाँ घोषणा गर्नुहुन्छ । यो सिद्धान्तलाई दृष्टान्तद्धारा चित्रण गरेको छ (मत्ती ७:९-११) । आफ्ना बालबच्चाहरुलाई कस्तो राम्रो उपहारहरु दिनुपर्छ भन्ने कुरा यदि संसारिक पिताले जान्नुहुन्छ भने प्रार्थनाद्धारा भएर उहाँमा आउनेहरुलाई परमेश्वरले अझ उत्तम वरदानहरु दिनुहुनेछ ।

यी तीनवटा स्थानहरु छन् जहाँ प्रार्थनाको सुनवाईको निम्ति अवरोध हुन्छ:-

(१) **अनुपयुक्त प्रार्थना ।** हामीले कुनै चीज माग्नुभन्दा अगाडी नै परमेश्वर जान्नुहुन्छ । त्यसो भए उहाँसँग माग्दा दिक्क मान्ने? यसबाहेक, निरन्तररुपमा गरिएको लामो प्रार्थनाका निवेदनहरुद्धारा ती कुराहरु दिनको निम्ति परमेश्वरलाई मनाउन सक्दैनन् । यो निश्चय नै सत्य हो कि परमेश्वर सबै कुरा जान्नुहुन्छ र हाम्रा सबै आवश्यकताहरु बुझ्नुहुन्छ । उहाँ हाम्रा पिता पनि हुनुहुन्छ र उहाँमा प्रार्थनाद्धारा भएर हाम्रा विश्वासलाई अभ्यास गरेको उहाँ चाहनुहुन्छ ।

(२) **अनावश्यक प्रार्थना ।** परमेश्वरमा विश्वास नगर्ने मानिसहरुमा अत्याधिक सफलता र राम्रो स्वस्थ भएको कुरा अवलोकन गरिन्छ । यसकारण, प्रार्थनामा जानुको सट्टा धेरै मानिसहरु राम्रो भाग्य र

मौकाको निम्ति पर्खिरहने इच्छा गर्छन् । परमेश्वरका आशिषहरु जहिले पनि मानिसहरुको सफलता र धन सम्पत्तिको स्तरमा नापिदैनन् भन्ने कुरा यस्तो शंका गर्ने मानिसहरुले महसुस गर्न सक्दैनन् । यो सत्य हो कि परमेश्वरले अविश्वासीहरु र दुष्ट मानिसहरुलाई पनि आशिष दिनुहुन्छ (मत्ती ५:४५) । तर परमेश्वरका आत्मिक वरदानहरु उहाँले चुन्नु भएकाहरुलाई मात्र दिनुभएको छ, संसारिक मानिसहरुलाई त्यो आशिषहरु उपलब्ध छैनन् ।

(३) **अनुत्पादक प्रार्थना ।** प्रार्थना गरेको तर आफूले अपेक्षा गरे अनुसार प्रार्थनाको उत्तर प्राप्त नभएका मानिसहरुले यस्तो विवाद गर्दछन् । प्रार्थनाले काम गर्दैनन् भन्ने कुराको प्रमाण नै तिनीहरुको उत्तर नआएको प्रार्थना हो भनी तिनीहरु विश्वास गर्छन् । परमेश्वर असल हुनुहुन्न भन्ने कुरा पनि तिनीहरु विश्वास गर्छन् किनभने तिनीहरुले चाहेको कुराहरु तिनीहरुले परमेश्वरबाट पाएनन् । उहाँ केवल असल मात्र हुनुहुन्न; उहाँ बुद्धिमानी पनि हुनुहुन्छ भन्ने कुरा हामी सबैले याद गर्नुपर्छ । आफ्ना सन्तानहरुलाई कुन कुरा असल छ र कुन कुरा असल छैनन् भन्ने कुरा परमेश्वर जान्नुहुन्छ । हामीलाई उहाँले आशिषहरु कहिले दिनुपर्छ भन्ने कुरा पनि उहाँ जान्नुहुन्छ । परमेश्वरले चारवटा तरीकाबाट प्रार्थनाको जवाफ दिनुहुन्छ भन्ने कुरा बताएको छः (१) कहिलेकाहिँ उहाँले "हुन्छ" भन्नुहुन्छ । (२) कहिलेकाहिँ उहाँले "हुन्न्" भन्नुहुन्छ । (३) कहिलेकाहिँ उहाँले "पर्ख" भन्नुहुन्छ । (४) कहिले काहिँ हामीले मागेको भन्दा पनि अरु धेरै कुरा दिनुहुन्छ ।

**हाम्रो प्रार्थनाको अध्ययनबाट हामीले धेरै पाठहरु सिक्छौं ।**

(१) उहाँको इच्छा अनुसारमात्र परमेश्वरले प्रार्थनाको उत्तर दिनुहुन्छ भन्ने ज्ञानलाई स्वीकार गर्नुपर्छ । यसकारण, हामी प्रार्थना गर्नु अगि परमेश्वरको इच्छालाई जान्नै पर्छ ।

(२) परमेश्वरले हाम्रो प्रार्थनाहरु सुन्नुहुन्छ । हामीलाई चाहिएको सही आवश्यकताहरु दिनुहुन्छ भनी प्रार्थनाले विश्वासको दृढ अनुमान गर्छ । उहाँले यो कुरा आफ्नो समयमा गर्नुहुनेछ, हाम्रो समय सूची अनुसार होइन् ।

(३) प्रार्थनाले परमेश्वरको इच्छा अनुसार गर्ने चाहनालाई अनुमान गर्छ । परमेश्वरका सन्तान नभएकाहरुले उहाँको इच्छा खोज्दैनन् । प्रार्थनामा तिनीहरुलाई उपलब्ध भएको असिमित शक्तिको लाभ

लिन सक्दैनन् । परमेश्वरसितको साँचो संगतिको आशिष केवल प्रार्थनाद्धारा हामी जान्न सक्छौं । त्यसैकारणले गर्दा माग, खोज र ढकढक्याओ भनी येशूले हामीलाई भन्नुहुन्छ ।

**(घ) हाम्रा संगी मानिसहरुसित हाम्रो सम्बन्ध (मत्ती ७:१२) ।**

यहाँ येशूले आफ्ना स्रोताहरुलाई जे दिनुभएको छ त्यसलाई सुनौलो नियम भनिन्छ । "मानिसहरुले तिमीहरुसँग जस्तो व्यवहार गरुन् भन्ने तिमीहरु चाहन्छौ, तिमीहरुले पनि तिनीहरुसँग त्यस्तै व्यवहार गर, किनभने यही नै व्यवस्था र अगमवक्ताका शिक्षाको सारांश हो ।" येशूको यो भनाइमा ख्रीष्टियान समुदायको विचारलाई महत्व दिएको छ । आफ्ना दाजुभाइ र तिनीहरुको सम्पर्कमा आउने अरु मानिसहरुप्रति राज्यको नागरिकहरुमा यस्तो स्वभाव हुनुपर्छ भन्ने कुरा उहाँले देखाउदै हुनुहुन्छ । हामीले सुनौलो नियमलाई जाँच गर्दा हामीले संसारमा सामना गर्ने जीवनशैली र अरु स्वभावहरुसित हामी भिन्नता पाउँछौं । डाँडाको उपदेशमा येशूको अरु धेरै सिकाईहरुमा जस्तै हामीलाई पुनः रोजाइहरु प्रस्तुत गरेको छ । (१) फलामको नियमः "जे तपाईको हो, त्यो मेरो हो, र म त्यसलाई लिनेछु ।" (२) काँसाको नियमः "जे मेरो हो, त्यो मेरो हो, र म त्यसलाई मेरै साथ राख्छु ।" (३) सुनौलो नियमः "जे मेरो हो, त्यो तपाईको हो, र त्यसलाई तपाईले लिन सक्नुहुन्छ ।"

सुनौलो नियम बाहेक अरु सबै मानव दर्शनशास्त्रमा केही मात्रामा भएपनि स्वार्थको भावना सम्लग्न हुन्छ । यो मानविय स्वभाव हो, तर नयाँ स्वभावलाई धारण गर्न येशूले हामीलाई बोलाउनु हुन्छ, जुन राज्यको नागरिक हो । यो एउटै शब्दको उच्चारणद्धारा अरु हजारौं व्यवहारका नियमहरुलाई अनावश्यक बनाएको छ ।

अर्लबर्ट बार्नेसले लेखेको छ, "अरु मानिसहरुले उस्तै परिस्थितिमा जस्तो अपेक्षा गरेको छ, तिनीहरुलाई त्यो गर । स्वार्थ वा अन्यायपूर्वक कुनै त्यस्तो कार्य नगर, तर अरुको स्थानमा आफैलाई राख, त्यसपछि उसबाट तिमी के अपेक्षा गर्छौं सो सोध । यसले तपाईलाई पक्षपात नभएको र सही बनाउँछ । यसले लोभ, डाह, छल, विश्वासघात, क्रूरता, निन्दा, चोरी, व्यभिचार, हत्याजस्ता इत्यादिलाई नष्ट गर्छ । यसलाई सजिलै प्रयोग गरिन्छ, यसको न्याय सबै मानिसहरुले देख्नेछ, र सबैले यसको शक्ति र मूल्यलाई स्वीकार गर्नैपर्छ ।

अध्याय- ९

# ख्रीष्टियान छनौटहरु

## (क) सही मार्ग र सही अगमवक्ताहरुलाई रोज्दै (मत्ती ७:१३-२०)।

उहाँको प्रवचनको यो खण्डमा येशूले राज्यका नागरिकहरुलाई अरु धेरै रोजाइहरु प्रस्तुत गर्नुहुन्छ । सर्वप्रथम उहाँले ख्रीष्टियानहरुका तीनवटा रोजाइहरुको बारेमा व्याख्या गर्नुहुन्छ, जुन तिनीहरुले आफ्नो संसारिक र अनन्त जीवनबारे चुन्नुपर्छ (मत्ती ७:१३,१४) । सबै मानिसहरु इन्साफको दिनको निम्ति यो वर्तमान संसारमा तीर्थयात्रीको रुपमा यात्रा गर्दैछन् (हिब्रू ११:१३) । येशूले तिनीहरुका यात्राको निम्ति सल्लाह दिनुहुन्छ ।

तिनीहरु दुइवटा बाटोमा हिंडिरहेका छन् भनी येशू भन्नुहुन्छः कि त साँघुरो बाटो या त फराकिलो बाटो । साँघुरो बाटोमा स्पष्ट सिमाना कोरिएको छ र प्रायजसो बाटो पछ्याउन गाह्रो हुन्छ । जसले यो बाटो पछ्याउँछन् तिनीहरुले थोरै साथीहरु पाउनेछौं जो पवित्रताको पथलाई पछ्याउने, समर्पण र विश्वास हुन्छन् । फराकिलो बाटोलाई पछ्याउन निकै सजिलो छ जुन खुल्ला र यात्रा गर्न सजिलो हुन्छ । यो बाटोमा यात्रा गर्ने मानिसहरुसित प्रशस्तै साथीहरु हुन्छन् जसको धार्मिकता सतही रुपमा हुन्छ र नैतिकता कमजोर हुन्छन् ।

त्यसपछि, येशूले दुइवटा प्रवेशद्धारको बारेमा प्रस्तुत गर्नुहुन्छ । साँघुरो ढोका भेट्टाउन कहिलेकाहिँ गाह्रो पर्छ र यसले कठोर मार्गतर्फ दोर्‍याउँछ । यो ढोकामा प्रवेश गर्न यात्रीहरुले सबै संसारिक सामाग्रीहरु (घमण्ड, महत्वाकांक्षा, स्व-धार्मिकता र सायद परिवारका सदस्यलाई पनि) पछाडि छोड्नुपर्छ । अर्कोतर्फ फराकिलो द्धार छ, जुन सजिलै भेट्टाउन सकिन्छ र सरल मार्गतर्फ दोर्‍याउँछ । यात्रीहरुलाई प्रशस्त मात्रामा सामानहरु लगायत पाप, घमण्ड, र हरेक संसारिक इच्छाहरु ल्याउन यो ढोकाले अनुमति दिन्छ ।

त्यसपछि येशूले दुइवटा बाटोबाट दुइवटा गन्तव्य स्थानमा दोर्‍याउँछ भन्ने बारे वर्णन गर्नुहुन्छ । साँघुरो ढोकाबाट भित्र पसेर साँघुरो मार्गमा यात्रा गर्ने मानिसहरुले अनन्त जीवन पाउनेछौं । फराकिलो ढोकाबाट भित्र

पसेर फराकिलो मार्गमा यात्रा गर्ने मानिसहरुले अनन्तको विनाश पाउनेछौं । दुइवटा रोजाइहरु स्पष्ट छन्: स्वर्ग वा नरक । यहाँ लगायत अरु स्थानहरुमा उल्लेख गरेका धर्मशास्त्रहरुले स्पष्टरुपमा सिकाउँछ कि असल र परमेश्वरको इच्छा पालन गर्नेहरु स्वर्गमा प्रवेश गर्नेछ जबकि अनाज्ञाकारीहरुको आखिरी गन्तव्य स्थान नरक हो । पुरानो करारमा मोशाले त्यही रोजाइहरु प्रस्तुत गर्नुभयो, "...जीवन र वृद्धि, मृत्यु र नाश, आशिष र श्राप" (व्यवस्था ३०:१५,१९) । समबृद्ध र विनाशतर्फ दोऱ्याउने दुइवटा रोजाईहरुको बारेमा भजनसंग्रहको लेखकले पनि भन्दछ (भजनसंग्रह १ अध्याय) ।

दुइवटा गन्तव्य स्थानको बारेमा उहाँको सिकाइपछि कस्तो प्रकारको अगमवक्ता (शिक्षक) तिनीहरुले सुन्नको निम्ति रोज्दै छन् त्यस विषयमा होशियार हुनुपर्छ भनी येशूले आफ्ना स्रोताहरुलाई चेतावनी दिनुहुन्छ । त्यहाँ दुइ प्रकारका अगमवक्ताहरु छन् भनी येशूले प्रष्टरुपले भन्नुहुन्छः (१) सत्य अगमवक्ता (२) झुटा अगमवक्ता (मत्ती ७:१५-१९) । उहाँले यी झुटा अगमवक्ताहरुका दुइवटा चरित्रहरु दिनुहुन्छः (१) तिनीहरु भेडाजस्तै देखिन्छ । (२) तर वास्तवमा तिनीहरु ब्वाँसो हुन् । येशूको यी वचनहरुले हामीलाई सिकाउँछ कि (१) झुटा अगमवक्ताहरु अस्तित्वमा छन् । (२) अगमवक्ताहरु छुट्याउने मापदण्ड पनि अस्तित्वमा छ । (३) आत्माहरुलाई कसरी चिन्ने भन्ने बारेमा बाइबलले हामीलाई बताउँछ (१ यूहन्ना ४:१) ।

झुटा अगमवक्ताहरुलाई कसरी चिन्ने भनी येशूले हामीलाई देखाउनु हुन्छ । हामीले रुखलाई त्यसको फलबाट न्याय गर्नेछौं भनी उहाँ भन्नुहुन्छ । तिनीहरुले सत्यताको वचन बोलेका छन् भनी झुटा अगमवक्ता वा शिक्षकहरुले घोषणा गर्लान् । तिनीहरुले सही शिक्षा सिकाइ रहेका छन् कि छैनन् भन्न परमेश्वरको वचनको ज्योतिले तिनीहरुलाई जाँच गर्नुपर्छ । संसारिक लगावद्धारा धर्मशास्त्रलाई उद्धरण गरी भेष बदल्नेहरु भेडाको रुपमा आएका ब्वाँसोहरु हुन् । येशूका यी वचनहरुबाट हामी सिक्न सक्छौं कि अगमवक्ताहरुका चरित्र र सन्देशहरु दुवै महत्वपूर्ण छन् ।

### (ख) येशूलाई पछ्याउने कुरा रोज्दै (मत्ती ७:२१-२७) ।

येशूले अब आफ्नो प्रवचनमा बाह्य कुराबाट आन्तरिक तर्फ लिएर जाँदै हुनुहुन्छ । असुरक्षित शिक्षकहरुबाट अस्पष्ट स्रोताहरुमा लिएर जानुहुन्छ । उहाँले हामीलाई दुइवटा अस्वीकार योग्य विकल्पहरुका विरुद्धमा चेतावनी दिनुहुन्छः (१) केवल मौखिक उच्चारण (मत्ती ७:२१-२३)

(२) केवल बौद्धिक ज्ञान (मत्ती ७:२४-२७) ।

ओठले मात्र गरिने सेवाको खतरालाई येशूले औंल्याउनु हुन्छ । हामीले विश्वास गरेका वा भनेका कुराको आधारमा मात्र हाम्रो अनन्तको गन्तव्यलाई पूर्णरुपमा निर्णय गर्न सक्दैनौं भनी येशूले सिकाउनुहुन्छ । हामीले भनेकोअनुसार गर्नैपर्छ । यसो भनेको उखान छ, "कुरो भन्दा कामले बढी बोल्छ ।" धर्मशास्त्रले हामीलाई बताउँछ कि विश्वास र काम सँगसँगै जान्छन् (याकूब २:१४) । हामीले येशूलाई जे भन्छौं त्यो महत्वपूर्ण छ, तर उहाँले हामीलाई इन्साफको दिनमा जे भन्नु हुनेछ त्यो सबैभन्दा बढी महत्वपूर्ण हुनेछ ("प्रवेश गर" वा "दूर होओ" ।)

दुइ प्रकारका जगको बारेमा दुइवटा रोजाइलाई प्रस्तुत गर्दै येशूले डाँडाको उपदेशलाई अन्त्य गर्नुहुन्छ: (१) बुद्धिमानी (२) मूर्ख (मत्ती ७:२४-२७) । उहाँको सिकाई भवन संरचना बारेको होइनन् भन्ने कुरालाई याद गर्नुहोस् । यहाँ येशूले भवनको जगको बारेमा बोल्दै हुनुहुन्छ । के हामीले भवन चट्टानमाथि बनाउँदैछौं वा बालुवामाथि बनाउँदै छौं? येशूले भर्खरै छनौटहरुका बारेमा प्रस्तुत गर्नुभयो जुन कुरा भनाइ र गराइसित सम्बन्धित हुनुपर्छ (मत्ती ७:२१-२३) । तर अब उहाँका स्रोताहरुमा सुनाइ र गराइ सम्लग्न हुनुपर्छ भन्ने छनौट दिनु हुन्छ (मत्ती ७:२४-२७) ।

अरु धेरै धर्मशास्त्रका पदहरुले राज्यका नागरिकहरुलाई केवल बौद्धिक ज्ञानमात्र हुनुको खतराबारे चेतावनी दिएका छन् । आज्ञाकारीताका अर्तीहरु सम्लग्न हुनुपर्छ भनी हामीलाई बताएको छ । ख्रीष्टियान जिम्मेवारीहरु जानेर मात्र पर्याप्त हुँदैनन्; ज्ञानले कामतर्फ दोऱ्याउनुपर्छ । जसले परमेश्वरको वचन सुन्दछ, र येशूमा विश्वास गर्दछ, तिनीहरुले आफ्नो विश्वास तिनीहरुका कामद्धारा प्रकट गर्नुपर्छ (याकूब १:२२-२५; २:१४-२०) । हामी येशूलाई चिन्छौं भनेर भन्छौं तर उहाँमा आज्ञाकारी हुँदैनौं भने हामीले पाप गरिहरेका हुन्छौं (१ यूहन्ना १:६; २:४) । स्पष्ट पाठ यो छ कि जसले येशूलाई पछ्याउन चाहनुहुन्छ तिनीहरुले उहाँमा विश्वास गरेर आफ्नो जीवन निर्माण गर्नुपर्छ । ख्रीष्ट बलियो जग हुनुहुन्छ जुन जग कहिल्यै पनि विफल हुनुहुन्न् ।

अध्याय- १०

# निष्कर्षः येशूको अधिकार

"येशूले यी कुरा भनिसक्नुभएपछि भीड उहाँका शिक्षा सुनेर छक्क पऱ्यो । किनकि उहाँले तिनीहरुका शास्त्रीहरुले भैं होइन, तर अधिकार भएको मानिसले जस्तो गरी सिकाउनुहुन्थ्यो" (मत्ती ७:२८,२९) । फरिसी र सदूकीहरुले जस्तै येशूले बोल्नुभएनन् । मानिसहरुका माभ्कमा तिनीहरुसित अधिकार थियो, तर तिनीहरुका अधिकार तिनीहरुले उद्धरण गरेका अधिकारीहरुका आधारमा हुन्थ्यो (परमेश्वर, मोशा, अगमवक्ता इत्यादि) । तिनीहरु आफैमा धर्मशास्त्रको कुनै अधिकार थिएन, त्यसैले तिनीहरु "यसो भनिएको थियो..." भन्ने पक्षमा सिमित थिए ।

अगमवक्ताहरुले जस्तै येशूले बोल्नुभएन् । परमेश्वरसितको भेटघाटको अवधिमा तिनीहरुले जे अनुभव गरेका थिए त्यही कुराहरुलाई घोषणा गर्नु अगमवक्ताहरुको कार्य थियो । जब अगमवक्ताहरुले तिनीहरुको दर्शनको सन्देशलाई बोल्दथ्यो, तब तिनीहरुले यसो भन्दथे, "परमप्रभु यसो भन्नुहुन्छ...।" अर्को शब्दमा, "यही कुरा परमेश्वरले मलाई भन भन्नुभयो...।"

येशूले प्रायजसो धर्मशास्त्रलाई उद्धरण गर्नुभयो (मत्ती ४:४,६७; ५:२१; ११:१०; मर्कूस ७:६,७; लूका ३:४-६ इत्यादि) । जुन कुराहरु सिकाउनको निम्ति परमेश्वरले उहाँलाई पठाउनुभएको थियो, उहाँले त्यही सन्देश सिकाउनुभयो (यूहन्ना ७:१६) । उहाँमा आफ्नो पहिचान र आफ्नो सेवाकाईको स्पष्ट दृष्टिकोण थियो । उहाँ परमेश्वरको इच्छा पूरा गर्न आउनुभयो (मत्ती २६:३९; हिब्रू १०:९), तर उहाँ आफ्नै नाउँ र आफ्नै अधिकारसित बोल्नुभयो: "म तिमीहरुलाई भन्दछु...।" सबै अधिकार मलाई दिएको छ भनी उहाँले पछि भन्नुभयो (मत्ती २८:१८-२०) । किनभने सबै अधिकार उहाँलाई दिएको थियो, उहाँको कामलाई पृथ्वीमा निरन्तरता दिन अरुलाई अधिकृत गर्ने उहाँमा अधिकार थियो । यो महान आज्ञाको आधारमा हुन्छ । येशूको अधिकारलाई विभिन्न तरीकाबाट पुष्टि भयो । जस्तैः

**(१) शिक्षकको रूपमा येशूको अधिकार ।** अधिकार भएको मानिसले जस्तै येशूले सिकाउनु भएको कुरा उहाँका सुन्ने मानिसहरुमा प्रमाण थियो । उहाँको सिकाइका तरीकाहरु र सामग्रीहरुले सुन्नेहरुलाई छक्क पाऱ्यो (मत्ती ७:२९) । येशूको सिकाई कुनै विशेष स्थान र विशेष मानिसहरुमा मात्र सिमित थिएनन् । उहाँका स्रोताहरुमा सिङ्गो संसारका बासिन्दाहरु सम्लग्न थिए । हरेक देशमा भएका सबै मानिसहरुलाई ख्रीष्टको सुसमाचार प्रचार

गर्नको निम्ति उहाँले चाँडै नै आफ्ना चेलाहरुलाई सेवाकाईमा पठाउँदै हुनुहुन्छ (मत्ती २८:१८-२०; मर्कूस १६:१५-१६) । उहाँले परमेश्वरबाट पाउनुभएको अधिकार यी चेलाहरुलाई दिनुभयो र "मैले आज्ञा गरेका सबै कुराहरु पालन गर्न तिनीहरुलाई सिकाओ" भनी आज्ञा दिनुभयो ।

**(२) ख्रीष्टको रूपमा येशूको अधिकार ।** येशूले आफैलाई ख्रीष्ट, परमेश्वरबाट अभिषेक गरेको जनको रुपमा देख्नुभयो । उहाँ परमेश्वरको मसीह हुनुहुन्थ्यो जसले परमेश्वरको राज्य स्थापना गर्नुहुनेछ । डाँडाको उपदेशमा परमेश्वरको राज्यबारे पाँचवटा प्रत्यक्ष सन्दर्भहरु छन् (मत्ती ५:३,१०; ६:१०,३३; ७:२१) । ख्रीष्टको सेवाकाईको पहिलो अभिलेख गरेको शब्द यो थियो, "समय पूरा भएको छ; परमेश्वरको राज्य नजीक आइपुगेको छ" (मर्कूस १:१५) ।

**(३) प्रभुको रूपमा येशूको अधिकार ।** यो शिर्षकमा येशूले आपत्ति जनाउनु भएनन् (मत्ती ७:२१-२३) । वास्तवमा उहाँले यो शिर्षकलाई आफैमा प्रयोग गर्नुभयो । उहाँ आफैले आफैलाई प्रभु र मालिकको रुपमा देख्नुभयो । उहाँले आज्ञा दिनुभयो, आज्ञाकारिताको अपेक्षा गर्नुभयो, र आफ्ना चेलाहरुको आत्मिक खतराको चेतावनी दिनुभयो ।

**(४) उद्धारकर्त्ताको रूपमा येशूको अधिकार ।** येशूलाई मुक्तिको मार्गबारे थाहा थियो र उहाँले त्यो सिकाउनुभयो । कसलाई आशिष मिलेको थियो र कसलाई थिएनन् भन्ने कुरा उहाँले घोषणा गर्नुभयो । जीवनमा पुऱ्याउने साँघुरो ढोकालाई उहाँले औंल्याउनुभयो । उहाँले सुरक्षित हुने जगबारे वर्णन गर्नुभयो । उहाँ हराएकाहरुलाई खोज्न र बचाउन आउनु भएको हो भन्ने कुरा यी सबै तरीकाहरुबाट उहाँले प्रमाणित गर्नुभयो (लूका ९:१०) । अरु जसले उहाँका सन्देशहरु सुने तिनीहरुले येशूलाई संसारको उद्धारकर्त्ताको रुपमा चिने ।

**(५) न्यायकर्त्ताको रूपमा येशूको अधिकार ।** येशूले आउन लागेको इन्साफबारे बोल्नुभयो (मत्ती ७:२१-२३; २५:३१-४६) । उहाँले मुक्तिको मार्ग सिकाउनुभयो (मत्ती ११:२८) । उहाँले अविश्वासीहरुको दोषलाई उच्चारण गर्नुभयो (यूहन्ना ३:१८) । उहाँ न्यायकर्त्ता हुनुहुनेछन् भनी संकेट गर्नुभयो (मत्ती ७:२१-२३) । इन्साफको समय आउँदै छ भनी आफ्ना स्रोताहरुलाई चेतावनी दिंदै, मुक्तिको सन्देश प्रचार गर्दै उहाँ आफैले आफैलाई संसारको न्यायकर्त्ता हुन योग्यको हुनुहुन्छ भनी प्रमाणित गर्नुभयो ।

**(६) परमेश्वरको पुत्रको रूपमा येशूको अधिकार ।** येशूले परमेश्वरको इच्छालाई "मेरो पिता" को सन्दर्भमा प्रयोग गर्नुभयो (मत्ती ७:२१) ।

"तिमीहरुका पिता स्वर्गमा हुनुहुन्छ" भनी उहाँले भन्नुभयो (मत्ती ६:१४,१५,१८), तर परमेश्वरलाई कहिल्यै पनि "हाम्रा पिता" को भावको रुपमा वर्णन गर्नुभएन । येशू र उहाँका चेलाहरु परमेश्वरसित समान आधारमा थिए । केवल एउटै परमेश्रको पुत्रको रुपमा (यूहन्ना ३:१६) परमेश्वर पितासित येशूको विशेष सम्बन्ध थियो जुन अरु कसैले दावी गर्न सक्दैनन् ।

सृष्टिकर्त्ता र ब्रहमाण्डको पालनहारकर्त्ताको रुपमा बाइबलले येशूलाई पहिचान गराउँछ (हिब्रू १:२-३) । हामी बाँचिरहेको संसारको उत्पति येशूले गर्नुभयो, यसको अस्तित्वलाई निरन्तर दिन सबै सृष्टिले उहाँमा भर पर्दछ । येशूको पृथक अधिकारलाई स्पष्टरुपमा उनको जन्मबारे यशैयाको अगमवाणीमा देख्न सकिन्छ, "किनभने हाम्रा निम्ति एउटा बालकको जन्म भएको छ । हाम्रा निम्ति एउटा छोरो दिइएको छ । शासन उहाँको काँधमा हुनेछ । उहाँ अचम्मका सल्लाहकार, शक्तिशाली परमेश्वर, अनन्तका पिता, शान्तिका राजकुमार कहलाइनुहुनेछ" (यशैया ९:६) । यी उदाहरणहरु पत्याउन सक्ने प्रमाणहरु हुन् कि परमेश्वरका अरु धेरै गुणहरु येशूमा थियो जसमा सृजना गर्ने, टिकाउने, र संसारलाई बचाउने अधिकार पनि पर्छ ।

**(७) परमेश्वरको रुपमा येशूको अधिकार ।** येशूले आफैलाई परमेश्वरको स्तरमा राख्नुभयो । येशू र परमेश्वर दुवै परमप्रभु हुन् (मत्ती ७:२१) । उहाँका चेलाहरुले परमेश्वरका अगमवक्ताहरुले जस्तै कष्ट भोगे (मत्ती ५:१०-१२) । येशू र परमेश्वर न्यायकर्त्ताहरु हुन्; मानिसहरु न्यायको दिनमा येशूकहाँ देखापर्नेछन् (मत्ती ७:२१-२३) । येशू पृथ्वीमा आउन परमेश्वरसित आफ्ना बराबरी कुराहरुलाई अस्थायी रुपमा छोड्नुभयो (फिलिप्पी २:६) ।

## आखिरी विचारहरू

येशूले परमेश्वरको अधिकारसित सिकाउनुभयो र परमेश्वरको व्यवस्थालाई स्थापना गर्नुभयो । उहाँका वचनहरुलाई मानिसले विश्वास गरेर तिनीहरुले उहाँमा आफ्नो जीवन बनाएको होस् भन्ने उहाँ अपेक्षा गर्नुहुन्छ । व्यवस्था र अगमवक्ताहरुलाई पूरा गर्न आउनुभएको थियो भनी उहाँ भन्नु हुन्छन् । आज्ञा पालन गर्नेहरुका निम्ति उहाँ प्रभु र आशिष पाउनेहरुका निम्ति उहाँ मुक्तिदाता दुवै हुनुहुन्छ । उहाँले आफैलाई न्यायकर्त्ताको केन्द्र बिन्दुमा राख्नुभयो । उहाँले परमेश्वरलाई आफ्नो पिताको पृथक भावमा भन्नुभयो । उहाँ त्यस्तो समाजको वर्णन गर्नुभयो जसमा परमेश्वरको राज्यको स्तर, मूल्य र प्राथमिकताहरु थियो । राज्यका नागरिक भएकोले हामी परमेश्वरबाट आशिषहरु प्राप्त गर्छौं । डाँडाको उपदेशको शुरुवाटमा दिएका सूचीहरु परमेश्वरका आशिषहरु हुन्, जुन येशूलाई पछ्याउने सबै युगका मानिसहरुको निम्ति गहिरो सन्देश हो । परमप्रभुको आगमन नभएसम्म परमेश्वरको राज्यका नागरिकहरुका छुटकारा,

## मत्ती ५-७ अध्यायमा आधारित प्रवचनको रुपरेखा

| | |
|---|---|
| धन्यका वचनहरू | मत्ती ५:३-१२ |
| नून र ज्योति | मत्ती ५:१३-१६ |
| येशू र व्यवस्था | मत्ती ५:१७-१९ |
| शास्त्री र फरिसीहरूको धार्मिकता | मत्ती ५:२० |
| हत्या र रीस | मत्ती ५:२१-२६ |
| व्यभिचार सम्बन्धमा | मत्ती ५:२७-३० |
| विवाहविच्छेदका प्रभावहरू | मत्ती ५:३१-३२ |
| शपथ खाने बिषयमा | मत्ती ५:३३-३७ |
| प्रतिशोधको भावना | मत्ती ५:३८-४२ |
| शत्रुहरूसित व्यवहार गर्ने | मत्ती ५:४३-४८ |
| उपकारका कामहरू | मत्ती ६:१-४ |
| प्रार्थना | मत्ती ६:५-१५ |
| उपवास | मत्ती ६:१६-१८ |
| भौतिकवाद | मत्ती ६:१९-२४ |
| चिन्ता | मत्ती ६:२५-३४ |
| अरूलाई न्याय गर्ने | मत्ती ७:१-६ |

थप जानकारीको लागि तलको ठेगानामा सम्पर्क गर्नुहोस्:

## येशू ख्रीष्टका प्रवचनहरू

### मत्ती

| | |
|---|---|
| डाँडाको उपदेश | मत्ती ५:१-७:२९ |
| १२ जनालाई पठाइएको | मत्ती १०:१-४२ |
| बप्तिस्मा दिने यूहन्नाबारे | मत्ती ११:२-३० |
| बिभाजित घर | मत्ती १२:२२-५० |
| समुन्द्र नजिकैको दृष्टान्त | मत्ती १३:१-५३ |
| राज्यमा सबैभन्दा महान् | मत्ती १८:१-३५ |
| येशूको अधिकार | मत्ती २१:२३-२२:१४ |
| अगुवाहरूलाई धिक्कार | मत्ती २३:१-३९ |
| समयको अन्त्य | मत्ती २४:१-२६:२ |
| माथिल्लो कोठाको प्रवचन | मत्ती २६:२६-३५ |

### मर्कूस

| | |
|---|---|
| समुन्द्र नजिकैको दृष्टान्त | मर्कूस ४:१-३४ |
| मानिसका परम्पराहरू | मर्कूस ७:१-२३ |
| चेतावनीहरू | मर्कूस ९:३०-५० |
| विवाहविच्छेदबारे | मर्कूस १०:१-१२ |
| ख्रीष्टको आगमन | मर्कूस १३:१-३७ |

### लूका

| | |
|---|---|
| समतल जग्गामा दिएको दृष्टान्त | लूका ७:१७-७:१ |
| बप्तिस्मा दिने यूहन्नाबारे | लूका ७:१८-३५ |
| समुन्द्र नजिकैको दृष्टान्त | लूका ८:४-२१ |
| सत्तरी जनालाई पठाएको | लूका १०:१-२४ |
| कसरी प्रार्थना गर्ने | लूका ११:१-१३ |
| बिभाजित घर | लूका ११:१४-३६ |
| फरिसीहरूलाई गाली गरेको | लूका ११:३७-५४ |
| परमेश्वरले वास्ता गर्नुहुन्छ | लूका १२:१-१३:९ |
| चेलापन | लूका १४:२५-३५ |
| हराएका दृष्टान्तहरू | लूका १५:१-१६:३१ |
| दोस्रो आगमन | लूका १७:२०-३७ |
| प्रार्थनाको दृष्टान्त | लूका १८:१-१४ |
| समयको अन्त्य | लूका २१:५-३६ |

### यूहन्ना

| | |
|---|---|
| निकोदेमससँग भेटघाट | यूहन्ना ३:१-२१ |
| इनारको स्त्री | यूहन्ना ४:५-३८ |
| परमेश्वसित उहाँको समानता | यूहन्ना ५:१७-४७ |
| स्वर्गको रोटी | यूहन्ना ६:२६-५८ |
| संसारको ज्योति | यूहन्ना ८:१२-५९ |
| असल गोठालो | यूहन्ना ९:३५-१०:२१ |
| परमेश्वरको पुत्र | यूहन्ना १०:२२-३९ |
| माथिल्लो कोठाको प्रवचन | यूहन्ना १३:१-१७:२६ |